का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ चैत २०७८,
शुक्रबार
18 March 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ४१ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

एमाले नीति

## साना दललाई जित्नै नदिने

साना कम्युनिष्ट पार्टीहरुलाई चुनावमा जित्नै नदिएर ती दलका कार्यकर्तालाई चुनावपछि एमालेमा समाहित गर्ने योजना पार्टीको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

प्रमुख विपक्षी नेकपा एमालेले साना दलहरुलाई जित्नै नदिने नीति अख्तियार गर्ने भएको छ । महासचिव शंकर पोखरलेका अनुसार, साना कम्युनिष्ट पार्टीहरुलाई चुनावमा जित्नै नदिएर ती दलका कार्यकर्तालाई चुनाव पछि एमालेमा समाहित गर्ने योजना एमालेको छ ।

बिहीबार काठमाडौंमा 'अखिल नेपाल महिला संघ सातौं राष्ट्रिय कमिटी'ले प्रशिक्षक प्रशिक्षण कार्यक्रम राखेको थियो । जहाँ महासचिव पोखरेलले एमालेको नीतिबारे व्याख्या गरेका हुन् । उनका अनुसार, साना पार्टीहरु हराउँदै लाने एमालेको बाटो हो ।

उनी भन्छन्, 'एमालेको बाटो एमालेलाई नेपालको बामपन्थी आन्दोलनको एक मात्र शक्ति बनाउने हो । यसका लागि ती साना दलहरुलाई हामीले चुनाव जित्न नसक्ने तहमा पुऱ्याउनुपर्ने छ ।'

नेकपा एमाले र माओवादी केन्द्र मिलेर २०७५ जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेको थियो । तर, त्यो एकता लामो समय टिकेन । नाम सम्बन्धी विवादमा २०७७ साल फागुन २३ गते सर्वोच्च अदालतले नेकपा एकता भंग गरिदियो । अहिले नेकपा एमाले, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी गरी तीन वटा दलमा विभाजित हुन पुगेको छ । यसबारे व्याख्या गर्दै उनले ठूला नेताहरु मिलेर एउटै कम्युनिष्ट पार्टी बनाउने प्रयास गर्दा सम्भव नभएको भन्दै अब साना पार्टीहरुलाई चुनावमा हराएर ती पार्टीका कार्यकर्तालाई एमालेमा तानेर एमालेलाई ठूलो शक्तिका रुपमा कायम राख्ने नीति अनुसार कार्य गर्न नेता/कार्यकर्तालाई निर्देशित गरे । 'नेता जोडेर बलियो कम्युनिष्ट पार्टी बनाउन खोज्यौं सम्भव भएन । अब कार्यकर्ता जोडेर कम्युनिष्ट पार्टी बलियो बनाउनुपर्छ । त्यसका लगि साना पार्टीहरुलाई चुनावमा हराइदिने र कार्यकर्ताहलाई आफुसित ल्याउने' उनले भनेका छन् ।

नेपालमा ठूलो पार्टी फुटाएर कसैले पनि ठुलै पार्टी बनाउन नसकेको उनको विश्लेषण छ । त्यसको एउटा उदाहरण मोहन बैद्य भएको उनले बताए ।

मोहन बैद्यहरु एक प्रकारले प्रचण्डकै हाराहारीको शक्ति लिएर विभाजित भएको तर, अहिले कुनै ठाउँमा चुनाव लडेर चुनाव जित्न नसक्ने अवस्थामा पुगेकाले 'हामी क्रान्तीकारीहरु हो चुनावमा भाग लिँदैनौं' भनिरहेको उनले सुनाए ।

**माधव नेपाललाई हराइदिने**

साना पार्टीहरुलाई हराउने नीति – बाँकी पृष्ठ २ मा



फर्किएको खुशी: कोरोना महामारीका कारण यसअघिका दुई वर्ष फागु पूर्णिमा प्रतिबन्धात्मक व्यवस्थासहित मनाइएको थियो । तर यसपटक भने खुलेर रंगहरुको पर्व होली मनाइएको छ । देशभर जस्तै राजधानी काठमाडौंको वसन्तपुरमा होली मनाको भीड लाग्यो । तस्वीर: रत्न श्रेष्ठ/रासस

सत्ता गठबन्धन

# न विश्वास, न तोड्न सजिलो

■ स्थानीय तहको चुनाव नजिकिदै गर्दा सत्तारुढ नेताहरुले आशंका



'अनावश्यक हल्लाको पछि लाग्न जरुरी छैन् । गठबन्धन गर्ने हुँदा त्यसको मोडेलसहित अर्को साता ठोस निर्णय दिन्छु ।'

**शेरबहादुर देउवा**
प्रधानमन्त्री



'मलाई एमालेसँग गठबन्धन हुने विश्वास छैन । किनभने कांग्रेसले चुनावी गठबन्धन नगर्नेगरी व्यवहार नगर्ने विश्वास छ ।'

**पुष्पकमल दाहाल प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

स्थानीय तहको चुनावमा गठबन्धन गर्ने वा नगर्नेबारे सत्तारुढ दलहरुले ठोस् निर्णय लिन सकेका छैनन् । गएको १५ फागुनमा एमसीसी अनुमोदन भएपछि औपचारिक र अनौपचारिक तहमा चुनावमा सत्ता साझेदारी गर्नेबारे छलफल भएपनि सत्तारुढ नेताहरु निष्कर्षमा पुग्न सकेका छैनन् ।

तर गठबन्धन कायम नरहनपनि सक्ने शंकायुक्त सार्वजनिक अभिव्यक्ति भने लगातार सुनिदै आएको छ । सत्तारुढ नेपाली कांग्रेस र माओवादी केन्द्रका नेताहरु सार्वजनिक रुपमा आलोचना र चेतावनीयुक्त अभिव्यक्ति दिन थालेका छन् । कांग्रेसभित्र संस्थापन इतर गठबन्धनको विपक्षमा देखिएका छन् ।

उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, नेता मिनेन्द्र रिजाल लगायत नेता चुनावमा गठबन्धन गर्न नहुने अभिव्यक्ति दिइरहेका छन् । उपसभापति गुरुङले सत्ता साझेदार दलहरुलाई 'हात्तीको कानमा झुण्डिएको चमेरा' भएको अर्को अभिव्यक्ति दिएका थिए । महामन्त्री थापाले 'माले, मण्डले, मसाले' एउटै भन्ने गिरिजाप्रसाद कोइरालाको अभिव्यक्ति सही भएको बताइसकेका छन् ।

कांग्रेस नेताहरुको यस्तो अभिव्यक्तिबाट तर्सिएको माओवादी केन्द्रका नेताहरुले पनि चेतावनीकै भाषामा जवाफ फर्काउन थालेका छन् । बिहीबार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसले लेखेटे एमालेसँग गठबन्धन हुन सक्ने बताए । तर, कांग्रेसले लखेट्ने व्यवहार नगर्नेमा विश्वास रहेको पनि प्रचण्डले सुनाए ।

गठबन्धनबारे कांग्रेसको व्यवहारले निर्णयमा पुग्ने प्रचण्डले बताए । 'एमालेसँग गठबन्धनको विश्वास छैन । किनकि कांग्रेसले गठबन्धन नगर्नेगरी व्यवहार नगर्ने विश्वास छ', प्रचण्डको भनाइ थियो ।

प्रचण्डले जस्तै माओवादी केन्द्रका नेता बर्षमान पुनले पनि कांग्रेस नेताहरुलाई चेतावनीको शैलीमा अभिव्यक्ति दिएका छन् । 'गठबन्धनाका विषयमा विचार गरेर बोल्नु, माओवादी त्यो शक्ति हो जो कांग्रेसलाई सत्ताबाट सडकमा पुऱ्याउन सक्छ', पुनले भने ।

सडकमा पछारिएको कांग्रेसलाई आफूहरुले नै सत्तामा पुऱ्याएको टिप्पणी गर्दै पुनले गठबन्धन नगर्ने भनेर भाषण गरिरहेको आक्रोश पोखे । तर राजधानीमा आयोजित एक कार्यक्रममा कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले अनावश्यक हल्लाका पछि नलाग्न आग्रह गरे ।

बुटवल जानुअघि प्रधानमन्त्रीको सरकारी निवास वालुवाटारमा – बाँकी पृष्ठ २ मा

## निगरानीमा प्रधानमन्त्री पनि



'७५३ वटै स्थानीय तहमा संयन्त्र बनाएर आमनागरिकदेखि प्रधानमन्त्रीको व्यवहारसम्म निगरानी गर्दैछौं ।'

**दिनेश थपलिया**
प्रमुख आयुक्त, निर्वाचन आयोग

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

निर्वाचन आयोगले आगामी बैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनका लागि आचारसंहिता तय गरेको छ । तय भएको आचारसंहिता विगतको भन्दा थप कडिकडाउ गरिने भएको छ ।

बिहीबार राजपत्रमा प्रकाशित आचारसंहिता अनुसार, स्थानीय तहको चुनावका बेला निर्वाचन आयोगको निगरानीमा आमनागरिक, सामाजिक सञ्जाल प्रयोगकर्तादेखि प्रधानमन्त्रीसम्म पर्नेछन् । निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियाले आचारसंहिता आगामी चैत तेस्रो साताबाट लागू गर्ने तयारी भइरहेको बताए । आचारसहिताबारे चैत १८ गतेसम्म देशका बिभिन्न १५ वटा स्थानमा गोष्ठी गर्ने योजना छ । त्यसपछि दलहरुलाई बोलाएर आचारसंहिता लागू गर्ने तयारी रहेको उनले सुनाए ।

थपलिया भन्छन्, 'विगतमा आचारसंहिता कार्यान्वयन नभएको भनी आयोगले आलोचना खेप्यो । यसपटक ७५३ वटै पालिकामा निगरानी संयन्त्र बनाएर आम नागरिकको व्यवहारदेखि प्रधानमन्त्रीसम्मको व्यवहारको निगरानी गर्दैछौं ।' उनका अनुसार, आचारसंहिता उल्लङ्घन गर्नेलाई सचेत गराउने, नभए प्रचलित कानून बमोजिम दण्ड सजाय समेत हुन सक्छ ।

केन्द्र र प्रदेश सरकारका मन्त्रीहरु स्थानीय तहको चुनावमा उम्मेदवारको चुनाव प्रचारमा सहभागी हुन नपाउने भनिएको छ । सहभागी भए नभएको आयोग आफैंले पनि अनुगमन गर्ने छ । केन्द्र र प्रदेश सरकारका मन्त्रीहरु मात्रै होइन, स्थानीय चुनावमा स्थानीय कार्यापालिकाका पदाधिकारी पनि उम्मेदवारको चुनाव प्रचारमा सहभागी हुन पाउँदैनन् ।

स्थानीय तहको निर्वाचनमा गैरसरकारी, अर्धसरकारी र विकास संस्था, निजी संस्थाका पदाधिकारी र कर्मचारीहरुले पनि चुनावी प्रचारमा भाग लिन पाउँदैनन् । गैरसरकारी तथा निजी संस्थाले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा आफ्ना सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन पाउने छैनन् ।

### आचारसंहितामा के छ ?

निर्वाचन आयोगले तय गरेको आचारसंहिता २०७४ सालको भन्दा थप कडिकडाउ छ । राजनीतिक दल वा उम्मेदवारहरुको निर्वाचन चिह्न अंकित ज्याकेट, कमिज, भेष्ट, टिसर्ट, टोपी वा क्याप लगाउन नपाउने, चुनाव चिन्ह अंकित गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता सांकेतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने जस्ता पुरानै विषयलाई निरन्तरता दिएको आयोगले यो पटक केही नयाँ व्यवस्थाहरु पनि राखेको छ । जसमा सामाजिक संजालको प्रयोग पनि परेको छ ।

निर्वाचन आचारसंहिता २०७३ मा मौन अवधिमा मात्रै 'एस.एम.एस, फेसवुक, भाईवर जस्ता बिद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक संजालमार्फत मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न नहुने' भनिएको थियो । यो पटक मौन अवधि भन्दा पहिले नै चुनावी प्रचारमा सामाजिक संजालको प्रयोग गर्दा ध्यान दिनुपर्ने भएको छ ।

आचारसंहिता लागू भएपछि सामाजिक सञ्जालको प्रयोगबाट प्रचारप्रसार गर्दा उम्मेदवार तथा मतदाता र आमनागरिक समेत सचेत बन्नु पर्ने छ । सामाजिक सञ्जालबाट निर्वाचनलाई प्रभाव पार्ने, होच्याउने, अपमान गर्ने, द्वेषपूर्ण भाषण राख्ने जस्ता काम गर्न पाइने छैन । आयोगले सामाजिक सञ्जालभित्र एसएमएस, फेसबुक, मेसेञ्जर, भाइबर, ट्वीटर, यूट्यूब, इन्स्टाग्राम, ब्लग, गुगल प्लस, टिकटक, ह्वाट्स एप, इमो, वीच्याट, लिन्क्ड्इन, टमलरजस्ता प्लेटफार्मलाई उल्लेख गरेको छ ।

बैंकबाट कारोबार

आचारसंहिता अनुसार २५ हजार रूपैयाँ भन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्ने हुन्छ । आचारसंहिताको दफा १५ मा राजनीतिक दल तथा उमेदवारले निर्वाचन खर्च सम्बन्धी पालना गर्नुपर्ने आचरण अन्तर्गत यसलाई राखिएको छ ।

जसमा उमेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा खाता खोली गर्नु पर्ने, उमेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्न पर्ने, त्यस्ता तोकिएका पदाधिकारीको विवरण उमेदवारले निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउनु पर्ने हुन्छ ।

पछि निर्वाचन आयोगले खर्चको बिल भरपाई तथा बैंक वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेस गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैंक वा वित्तीय संस्थाको खाताको विवरण पेस गर्नु पर्ने हुन्छ । – बाँकी पृष्ठ २ मा

# घरेलु कामदारको अवस्था बुझ्न मन्त्री श्रेष्ठ तडवीर सेन्टरमा

**मध्यान्ह संवाददाता**
दुबई, ३ चैत

संयुक्त अरब इमिरेट्स (यूएई) को भ्रमणमा रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले वैदेशिक रोजगारीका लागि घरेलु कामदारका रुपमा यूएई आउने श्रमिकको सेवा, सर्त र सुरक्षाबारे सरकारी अधिकारी तथा सरोकारवालाबाट जानकारी लिएको छ ।

प्रतिनिधिमण्डलले बुधबार दुबईमा सरकार मातहत रहेका आप्रवासी घरेलु श्रमिक सेवा प्रदायक संस्था (तडवीर सेन्टर) मा भ्रमण गरी घरेलु कामदारको कार्यस्थल अवस्था, कानूनी व्यवस्था, पारिश्रमिक, बिदा, सामाजिक सुरक्षा, हिंसामा पर्नसक्ने जोखिम तथा सुरक्षाको प्रत्याभूतिलगायतबारे जानकारी लिएको श्रममन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

सो अवसरमा यूएईका सरकारी अधिकारी तथा तडवीर सेन्टर सञ्चालकले यूएईमा घरेलु कामदारको सुरक्षा प्रत्याभूति रहेको बताएका थिए । उनीहरुले वैदेशिक रोजगारीका लागि घरेलु कामदारका रुपमा यूएई आउनुपूर्व गर्नुपर्ने तयारी, घरेलु कामदारको अधिकार तथा सुरक्षाबारे मन्त्री श्रेष्ठलाई जानकारी गराएका थिए ।

सरकारले २०७३ सालदेखि खाडी मुलुकमा घरेलु कामदार पठाउन प्रतिबन्ध लगाए पनि अवैध बाटोबाट जाने क्रम रोकिएको छैन । हालै सरकारले विभिन्न मुलुकमा घरेलु कामदारका रूपमा रहेका नेपाली महिलालाई स्वेदश आएर पुनः फर्कन पाउने व्यवस्था गरेको छ । कानूनी बाटोबाट कामदार पठाउँदाभन्दा गैरकानूनी बाटोबाट जाँदा जोखिम बढेकाले कामदारलाई सुरक्षित र वैधानिक तरिकाले काम गर्ने वातावरण मिलाउनुपर्ने आवाज पनि उठेको छ ।

मन्त्री श्रेष्ठले घरेलु कामदारका रुपमा जाने श्रमिकलाई सुरक्षाको प्रत्याभूति दिने र व्यवस्थित बनाउनेबारे सरोकारवलासँग छलफल गर्दै आएका छन् । मंगलबार नेपाल-यूएई संयुक्त समितिको बैठकमा पनि यसबारे छलफल भएको थियो ।



वैदेशिक रोजगार विशेष

## जनचेतनाको अभावले ज्यान गुम्दा पनि क्षतिपूर्ति पाइएन

**नवदीप श्रेष्ठ/रासस**
नुवाकोट, ३ चैत

रसुवाका गोविन्दप्रसाद न्यौपानेको साइकललाई मलेसियामा कारले ठक्कर दियो । उनी घाइते भए। कारवालासँग मुद्दा लडे । पैसा पनि सकियो, शरीर पनि नचल्ने भयो । गलत ठाउँमा साइकल चलाएको भनेर उनले मुद्दा पनि हारे । नुवाकोट, लिखुका सागर राई कामका लागि कुवेत पुगे । भुइँचालोले भत्काएको घर बनाउँदाको ऋण तिर्न भनेर काममा खटिइरहे । उनी उतै बिते तर प्रवेशाज्ञावधि सकिएपछि पनि बसेका कारण बीमा, क्षतिपूर्ति केही पाएनन् ।

विदुरकी एक युवतीले चार वर्ष जोर्डनबाट नेपाल पैसा पठाइरहिन् । उनका पतिले पैसा उडाए, अर्कै महिलालाई लिएर भारततिर भासिए । पैसा र पति सबै गुमाएकि उनी ऋण तिर्ने पैसा कमाउन कुवेत जाने तयारीमा छन् ।

यस्ता अत्यास लाग्ने कथा समाजमा धेरै छन् । सुन्दर दिनको सपना साँचेर यसरी बिदेसिनेहरू यस्तै कथाका पात्र बन्दै दुखेको जीवन लिएर बाँचिरहेका छन् । वैदेशिक रोगजारीमा गएका एक जनाका भरमा सिङ्गो परिवार आश्रित हुन्छ । परिवारको मियोकै विदेशमा रोजगारीको सिलसिलामा – बाँकी पृष्ठ २ मा

# सिंहदरबारलाई झकझक्याई रहेको सुदूरपश्चिमको तारो



- दर्शन शर्मा



**बडूले आफ्नो सिर्जनामा राजनीतिक पाटो मिसाएको पाइँदैन । सामाजिक संघ संस्थामा सहभागि हुँदा अखण्ड सुदूरपश्चिमको निम्ति आवाज उठाइरहने उनी महाकालीले दिने दुःख कम गर्न राज्य तहबाट कुटनीतिक पहल गर्नपर्ने बताउँछन् ।**

सुशासन र समृद्ध राष्ट्रका लागि लेखन क्षेत्रले होस् वा सामाजिक क्षेत्रले होस् जनतासँग जोडिएको विषयलाई सबैले स्वीकार गर्दछन् । प्रदूषित राजनीतिले देशमा द्वन्द्व चर्काउँछ, त्यो द्वन्द्व हटाउन सहमति र सहकार्यको राजनीति आवश्यक पर्दछ । यतिखेर राजनीतिक दलहरु चुनावी अभियानमा छन् । उनीहरुले देशको राष्ट्रियता र स्वाभिमानका एजेण्डालाई कसरी उठाउँछन् ? देशवासीले पर्खिरहेका छन् । ०७४ सालको चुनावमा आफैंले घोषणा गरेका प्रतिबद्धता र कार्यक्रमहरु सफल पार्न पाँच वर्षको यो अवधिमा कुन दलले कति सके ? त्यसको समिक्षा त्यहीँ बेला हुन्छ, जुन बेला मुलुक चुनावी माहौलमा केन्द्रीत हुन्छ । मुद्दा भेगीय आधारमा फरक हुन सक्छन् । सुदूरपश्चिम र पूर्वको मुद्दा भेगीय आधारले फरक होला तर, जनताको जीवनसँग जोडिएको शिक्षा, स्वास्थ्य र विकासका एजेण्डाहरु भने एकै प्रकृतिका हुन्छन् । राजनीतिक दलहरु यिनै एजेण्डाहरुलाई आफ्नो बनाएर जनतामा प्रभाव पार्न प्रयासरत रहन्छन् । राष्ट्रिय अखण्डता र सार्वभौमसत्ताको विषय त्यस्ता व्यक्तिहरुले उठाउँछन् जो व्यक्तिहरुमा देशभक्तिको भावना हुन्छ । यस्तै भावनासँग जोडिएका पात्र हुन् दार्चुलाका सुरेन्द्र बडू ।

बडुको जन्म वि.सं. २०४३ सालमा भएको हो । प्रारम्भिक शिक्षा दार्चुलामा हासिल गरे पनि निमावि, मावि र उच्च शिक्षा राजधानीबाट हासिल गरेका तिनै बडू अहिले प्रदूषित राजनीतिलाई सफा बनाउने मौका आएको बताउँछन् । यो बेला टुट्ने होइन जुट्ने हो । महँगी, भ्रष्टाचार, विकृति-विसंगति समाजका प्रदूषण हुन्, सभ्य समाज निर्माणका लागि शिक्षा र अनुशासन जरुरी पर्दछ । राज्यको स्रोत साधन ठीक ठाउँमा प्रयोग गर्दा जनताले राहत पाउँछ । त्यही कारण अबको युवा पुस्ताले जुट्ने र स्वस्थ समाज निर्माण गर्ने दायित्व लिनु पर्दछ । तर, त्यो पुस्ता सबै दलहरुमा तड्पिएको छ । युवा जोश जाँगर भएको यो पुस्तालाई राजनीतिक दलको बूढो पुस्ताको कृपाबाट चल्ने अवस्था बनाउनु हुँदैन भन्ने बडुलाई देशको परिवर्तन, राजनीतिक दलका क्रियाकलापप्रति चासो भए पनि दलगत रुपमा समाहित हुने र पार्टीको झण्डा उठाउने जाँगर भने यतिखेर चलेको देखिँदैन । नविन पुस्तालाई फुटेर होइन जुटेर विकल्प दिनका निम्ति ठूलादलका युवाहरुसँग समेत समन्वय गर्दै सिर्जनातर्फ लाग्नुपर्ने आफ्नो योजना रहेको उनी बताउँछन् ।

कविता, उपन्यास, निबन्ध, समाज सुधारका निम्ति चेतनशील लेख रचना प्रकाशित गरेका बडूले आफ्नो सिर्जनामा राजनीतिक पाटो मिसाएको पाइँदैन । सामाजिक संघ संस्थामा सहभागि हुँदा अखण्ड सुदूरपश्चिमको निम्ति आवाज उठाइरहने उनी महाकालीले दिने दुःख कम गर्न राज्य तहबाट कुटनीतिक पहल गर्नपर्ने बताउँछन् । धर्म, संस्कृति मानव क्रियाकलापसँग जोडिएर टोल सुधार होस् या अन्तर्राष्ट्रिय संस्थाहरु रेडक्रस, रेयुकाईहरुको कार्यक्रम मानव कल्याणकै निम्ति केन्द्रीत हुने भएकाले बडू त्यस्ता संस्थाहरुमा पनि सहभागिता जनाउँछन् । अनुशासन सिकाउने नेपाल स्काउटले देशभक्ति र आत्मसम्मान खोज्ने बताउँदै आएका बडूले प्रगतिशिल चेतना फैलाउने युवा शक्तिलाई राज्यबाटै परिचालन नभएकोमा आक्रोश प्रकट गर्दछन् । परिवर्तनको आन्दोलनमा सहभागि भए पनि दलीय आवद्धता नहुँदा उनलाई सुदूरपश्चिमले जसरी पश्चिमको तारोभन्दा राजधानीमा त्यस्ता ताराहरु धेरै दबिएको अवस्था छ । त्यही अवस्थामा जकडिएका सुरेन्द्र बेलाबखत आन्दोलनहरुमा अग्रसर हुँदा राज्यबाट दिइने पीडाका भोगिसमेत हुन् ।

कालापानी, लिपुलेक, लिम्पियाधुराको सीमा अतिक्रमणको विरोध सबैले गर्छन्, चुनावी एजेण्डा पनि तिनका बन्छन् तर, देशभक्त र राष्ट्रभक्तहरुले झैँ सत्तामा पुगेका समयमा राजनीतिक दलहरु कुटनीतिक सम्बन्धबाट समाधान गर्नपर्ने सीमामाथि हुने थिचोमिचोका बारेमा क्रियाशील भएको देखिँदैन । बडू पनि यो विषयलाई स्वीकार्छन् । किनकि उनको गृहजिल्ला दार्चुलामा यतिखेर छिमेकी भारतले आफ्नो क्षेत्रमा महाकाली नदी नियन्त्रणका नाममा एकतर्फी ड्याम बनाइरहेको छ । महाकालीसँग जोडिँदा दार्चुला बढी चर्चामा हुन्छ । किनकि सदरमुकामबाट कालापानी, लिपुलेक, लिपिम्याधुरा जस्ता ऐतिहासिक स्थलहरुमा पुग्न सहज छैन ।

नेपालको राष्ट्रिय जनगणनाको निम्तिसमेत कठिन मेहनत गर्नपर्ने त्यो क्षेत्र नेपालको भूमि हो भन्ने सिंहदरबारलाई आफ्नो भूमि फिर्ता लिनका निम्ति कुटनीतिक पहलमा अग्रसर हुने समय मिलेको देखिँदैन । छिमेकीको नाताले शिक्षा, स्वास्थ्यको क्षेत्रमा सहयोग गरे पनि भूमि अतिक्रमणमा भारतीय एकाधिकार भइरहेको बडू बताउँछन् । राष्ट्रिय समस्या, राष्ट्रिय सहमतिद्वारा राज्यका दलहरुको सहमतिमा समाधानका निम्ति पहल गर्नपर्ने सुदूरपश्चिमे युवाहरुको आवाज छ । त्यो आवाजमा नेपालको परराष्ट्र नीतिले स्थापित गरेका मूल्य मान्यतालाई सत्तापक्ष र प्रतिपक्षले समान धारणा बनाउन सकेको खण्डमा राष्ट्रिय अखण्डताको संरक्षण हुने देखिन्छ । तर, सिंहरदबारभित्र भने देशको परराष्ट्र नीतिको सवालमा दलीय एकता नदेखिनुले समस्या बल्झिरहेको बडुको धारणा छ ।

## ग्रामीण भेगमा स्वास्थ्यकर्मी पठाउन थप प्रोत्साहनः मुख्यमन्त्री पोखरेल

**बागलुङ/मस**–गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशका सबै स्थानमा सुलभ स्वास्थ्य सेवा प्रवाहका लागि सरकार क्रियाशील रहेको बताएका छन् ।

बागलुङको गलकोट नगरपालिका-५ हरिचौरमा प्राथमिक स्वास्थ्य केन्द्रको नवनिर्मित भवन उद्घाटन गर्दै उनले जनशक्ति व्यवस्थापन अहिलेको मुख्य चुनौती रहेको बताए ।

भौतिक संरचना निर्माण भएपनि स्वास्थ्य उपकरण र जनशक्ति अभाव भएकोबारे आफू जानकार रहेको भन्दै उनले समस्या समाधानका लागि तत्काल पहल गर्ने प्रतिबद्धता जनाए ।

उनले भने,'मुख्य शहरवाहेकका स्वास्थ्य संस्थामा विशेषज्ञ सेवा दिने चिकित्सक पुऱ्याउन सकिएको छैन, विशेष प्रोत्साहन दिएर भएपनि हामी उनीहरुलाई ग्रामीण भेगामा पठाउँछौं ।'

स्वास्थ्य क्षेत्रलाई सुदृढ गर्नकै लागि स्वास्थ्य नीति जारी गरिएको र अब यसकै कार्यान्वयका लागि ऐन बनाउने तयारी भईरहेको मुख्यमन्त्री पोखरेलले बताए ।

हरिचौर स्वास्थ्य केन्द्रको स्तरोन्नती गरी नगर अस्पताल घोषणा गरिएपनि कार्यान्वयनमा आउन नसक्नुको कारणबारे पनि उनले चासो व्यक्त गरेका थिए ।

कार्यक्रममा प्रदेश सभा सदस्य एवं राष्ट्रिय जनमोर्चाकी नेतृ पियारी थापाले नेपालको शैक्षिक प्रणालीकै कारण स्वास्थ्य क्षेत्रमा पर्याप्त जनशक्ति पाउन नसकिएको बताईन् ।

गलकोट नगरपालिकाका मेयर भरत शर्मा गैरैले करिब ४ वर्षको अवधिमा स्थानीय सरकारले सक्दो काम गरेको भन्दै यसको मूल्यांकन नागरिकले गर्ने बताए । उपमेयर रेनुकुमारी काउचा मगरले सिमित स्रोत र साधनकाबीच पनि आफूहरुले कार्यसम्पादन गर्दै आएको बताइन् ।

### एमाले...

एमाले फुटेर बनेको माधव कुमार नेपाल नेतृत्वको पार्टीका हकमा पनि लागू हुने महासचिव पोखरेलले बताएका छन् । यही कारण अहिले एमालेले माधव नेपालको पार्टीलाई मान्यता दिन अस्वीकार गरेको उनको प्रगष्टीकरण छ । 'भविष्यमा माधव नेपालको त्यो पार्टी अस्तित्वमा नरहोस् भन्नका लागि हामीले चुनाव नजित्ने खालको स्थिति बनाउनैपर्छ' पोखरेलले भनेका छन् । चुनावमा हारेपछि माधव नेपालको पार्टी एमालेमै समाहित हुने उनको विश्वास छ ।

माधव नेपालको पार्टीबारे एमालेले लिएको नीतिका सन्दर्भममा थप व्याख्या गर्दै महासचिव पोखरेलले भने, 'जसरी हामीले विगतमा नेकपा माले भन्ने पार्टी गठन भएको थियो । सबैतिर चुनाव हराइदिएपछि के भयो ? झोली झुम्टा बोकेर सबै कमरेडहरु अब हामी घरै फर्कियौं भनेर आउनुभयो । पार्टी सकियो ।'

### सत्ता ...

प्रधानमन्त्री देउवा, अध्यक्ष प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच भेटवार्ता भएको थियो । भेटमा देउवाले नेताद्वय प्रचण्ड र नेपालसँग अनावश्यक हल्लामा नलाग्न बताएका थिए । स्रोतका अनुसार, चुनावमा गठबन्धन हुने वा नहुने भन्नेबारे अर्को साता ठोस् निर्णयको संभावना छ । 'अनावश्यक हल्लाको पछि लाग्न जरुरी छैन् । गठबन्धन गर्ने हुँदा त्यसको मोडेलसहित अर्को साता ठोस् निर्णय पार्टीबाट तय गरेर दिन्छु', प्रधानमन्त्री देउवाले भनेको ती स्रोत बताउँछन् ।

राजनीति विश्लेषक विष्णु दाहाल अहिले चार दलीय सत्ता गठबन्धन जोगाउन र भत्काउन दुबै सहज नरहेको बताउँछन् । 'गठबन्धनका बीचमा न विश्वास न गठबन्धन तोड्न सजिलो छ' उनी थप व्याख्या गर्छन् 'कम्युनिस्टहरुको भर छैन भनेर कांग्रेस नै गठबन्धन तयार छैन् । तर, चुनावी नजिता आफ्नो पक्षमा पार्न गठबन्धन नगरी सुख पनि छैन् ।'

विदेशी चासो समेत बढेकाले नेपालमा दलीय ध्रुविकरण हुन सक्न उनको आंकलन छ । चिनियाँ विदेशमन्त्रीको भ्रमण हुँदै गर्दा पुरानै नेकपा ब्युताउने प्रयास हुने भएकाले पनि दलीय ध्रुविकरणबारे नयाँ संभावना रहेको उनी बताउँछन् ।

### आचारसंहितामा...

उम्मेदवारहरुले मनोनयन दर्ता गर्दा आफ्नो नाममा बेरुजु र पेस्की बेरुजु नरहेको घोषणा गर्नुपर्ने हुन्छ । आचारसंहिताको दफा ४६ र दफा ४७ मा यस सम्बन्धी व्यवस्था छ । जस अनुसार, उम्मेदवारहरुले आफु निर्वाचित, मनोनित वा नियुक्त भएको निकायबाट लिएको कुनै प्रकारको पेश्की फर्स्योट गरेको हुनुपर्नेछ ।

हाल पदमा बहाल जनप्रतिनिधिहरुले उम्मेदवार बन्न पदबाट उम्मेदवारी मनोनयन दर्ता अघि राजीनामा दिनुपर्ने हुन्छ ।

नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा सुविधा वा पारिश्रमिक पाउने गरी वहाल रहेका निर्वाचित वा मनोनित पदाधिकारीले स्थानीय तहको निर्वाचनमा उम्मेदवारको मनोनयन गर्नुअघि नै वहाल रहेको पदबाट राजीनामा दिनुपर्नेछ' निर्वाचन आचार संहितको दफा ३६ मा भनिएको छ ।

उम्मेदवारी घोषणा र मतदान भएर मतपरिणाम नआउँदासम्म मतसर्वेक्षण वा परिमाण घोषणा गर्न नपाइने प्रावधान पनि राखिएको छ ।

### जनचेतनाको...

निधन हुने, घाइते हुने, आजीवन अपाङ्गता हुने जस्ता अवस्थाले समग्र समाजलाई दुखाएको छ । यसबाट परिवारलाई पर्ने आर्थिक, मानसिक र सामाजिक क्षतिको पूर्ति कसै गरे पनि सम्भव छैन । फलतः दुःखका कथाको उत्पादन, पुनरुत्पादन रोकिएको छैन ।

हो, त्यसरी दुःखको उत्पादन र पुनरुत्पादनका चक्रमा पर्नेमध्ये रसुवा, कालिका गाउँपालिका-५, भोर्लेका गोविन्दप्रसाद न्यौपाने पनि हुन् । उनको कथा अकल्पनीय ढङ्गले पीडादायी हुन पुगेको छ । उनी मलेसियाबाट आफ्नो जिन्दगी ठीकठाकै चलाएर पनि घरपरिवारको भविष्य सुरक्षित गर्दै थिए । वैदेशिक रोजगारीमा गएपछि भएको कमाइले उनी नुवाकोटको बट्टारमा घडेरी किनेर घर बनाउन सफल भए । पहिलो पटक सन् २००५ मा मलेसिया पुग्नुभएका उनको मासिक तलब र५६ हजार भए पनि ओभरटाइम खटेर र ७० हजारसम्म कमाउँदै आएका थिए । होटेलमा काम गर्ने न्यौपानेको दिनचर्या पनि सहज थियो ।

'दसा बाजा बजाएर आउँदैन' भनेजस्तै भयो उनको जीवनमा पनि । उनी २०७२ असार १ गते साइकलमा कार्यालय जाँदै थिए । साइकललाई कारले ठक्कर दियो । दुर्घटनामा उनको मेरुदण्ड भाँचियो । उनी मलेसियाको अस्पतालमा पाँच वर्षसम्म उपचार गराउँदै क्षतिपूर्तिका लागि कानुनी लडाइँ लडे तर साइकललाई ठक्कर दिने कारवालासँगको मुद्दामा पराजित भएर निरास हुँदै २०७८ पुस १९ मा नेपाल फर्किए । मेरुदण्ड भाँचिएका कारण उनको शरीर चल्दैन । बोल्न भने सक्छन् । मुद्दा जितेको भए उनलाई केही क्षतिपूर्ति आउने थियो । उनले तल्ला अदालतबाट मुद्दा जित्दै पनि गएका थिए तर, साइकल गुडाउन नपाइने सडकमा गुडाउँदा दुर्घटना भएको जनाउँदै त्यहाँको सर्वोच्च अदालतले भने हराइदियो ।

मलेसियामा कमाएको पैसा सकेर उल्टै ऋणमा डुबेर घर फर्किएका न्यौपाने अहिले अर्काका सहारामा छन् । उनले नेपाल आएपछि बिमावापतको ६ लाख ५० रुपैयाँमात्र प्राप्त गरे । अहिले विदुर-२, बट्टारमा बस्दै आएका न्यौपानेको दिनचर्या ह्विलचेयरमा पूर्ण रुपमा अरूमा निर्भर छ । आवश्यक औषधि नेपालमा नपाइने भएकाले विदेशबाट नै किन्नु परिरहेको र खर्च जुटाउन सधैँ समस्या हुने गरेको न्यौपानेकी श्रीमती रोशनी घिमिरे बताउछिन् ।

वैदेशिक रोजगारीमा जानेहरूको आमसपना नै घरपरिवारलाई आर्थिक रुपमा सम्पन्न बनाउँदै सन्तानको शिक्षादीक्षामा सहयोग गर्ने हो । समयको हुरीले खुशी हुने तिनै सपनालाई अकल्पनीयरूपमा उडाइदिन्छ । यस्तैमध्येकी अर्की पात्र लिखु गाउँपालिका-५, थानसिङकी सान्नानी राई हुन् । सान्नानीका पति सागर वैदेशिक रोजगारीका लागि कुवेत गएका थिए । तीन वर्ष काम गर्ने श्रम स्वीकृति लिएर बिदेसिएका राईले अवधि सकिएपछि पनि काम गरिरहे । भूकम्पले ढालेको घर बनाउँदा लागेको ऋण घटाउनका लागि उनी श्रमावधि थप नगरी काममा खटिरहे । श्रम वधिभन्दा बढी बसेर काम गरिरहेका राई २०७७ असारमा बिरामी परे। २०७७ को दसैंमा घर आउने बताएका राई असार २८ मा उपचारका क्रममा कुवेतमै बिते । सान्नानीसँगै खुशी भएर ऋणमुक्त जीवन बाँच्ने सागरको सपना पूरा हुन पाएन ।

एकपछि अर्को कठिनाइ आइपरे पनि विदेश जानेको लर्को कायमै छ । कोरोना भाइरसको सन्त्रास हट्दै गएको र विदेशमा पनि कोरोनाकै कारण लागेका प्रतिबन्ध हट्दै गएका कारण नेपालीहरू धमाधम खाडी मुलुकमा रोजगारीका लागि गइरहेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार गत साउनदेखि मङ्सिर मसान्तसम्म नै दुई लाख ३० हजार ४११ जनाले श्रम स्वीकृति लिएर विदेश गएका छन् । तीमध्ये ९९ हजार ५८० जना त पुनः श्रमस्वीकृति लिएर जाने मात्रै छन् । नेपालीहरू धेरैजसो मलेसियालगायत खाडी मुलुक संयुक्त अरब इमिरेट्स, कतार, बहराइन, कुवेत, साउदी अरेबिया, ओमानलगायत देशमा वैदेशिक रोजगारीका लागि गइरहेका छन् ।

मध्यान्ह
दिया सम्पर्क
- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- ठेगाना परिवर्तन भएमा
- पत्रिका नियमित नआएमा ।

Phone/Whats app: 9851149919
mail:ad.madhyanha@gmail.com

**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/४**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ११९४.९० क्युफिट, खयर काठ २१६.९३ क्युफिट (स्यापउड सहित), साज गोलिया काठ ५०५.९६ क्युफिट र साल दाउरा २ चट्टा विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**सोलीघोप्टे सामुदायिक वन उपभोक्ता समूह, देवघाट ५, तनहुँ**

**लिसंखु पाखर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अत्तरपुर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०७८।१२।०४ गते)**

यस कार्यालयबाट तपशिल बमोजिमको मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिल बमोजिमको पूर्वाधार निर्माण कार्यका लागि बोलपत्र आव्हानको सुचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई बोलपत्र स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकाले सार्बजनिक खरीद ऐन, २०६३ को दफा २७(२) तथा स्वीकृत Bidding Document को ITB 33.1 को प्रयोजनार्थ सबैको जानकारीका लागि यो आशयको सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | बोलपत्र सुचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु. (भ्याट र पि.एस सहित) |
|---|---|---|---|---|---|
| १ | LPRM/ Works/Road/ NCB/078/79-10 | Construction of Tanam Byarsha Gaurikhola Road (CH-0+000 to 3+670), Lisankhu Pakhar RM-01, Package-II | २०७८।११।०१ गते | Pipaldanda Nirman Sewa, Chautara, Sindhupalchowk | रु.२९,५२,७३१.३१/- |

**नि.प्रमुख प्रशासकिय अधिकृत**

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
**Biratnagar**

**Invitation of Bids**

**Date of publication: March 18, 2022 (2078-12-04)**

Federal Water Supply and Sewerage Management Project- Biratnagar, invites electronic bids from eligible bidders for the following works

| S. N. | Contract No. | Description of Works | Total Estimated Amount with PS and Vat (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee , NRs. | Last date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 21/078-79/ Sundarpur/ FWSSMP_BRT | Construction of 100 m3 OHT at Sundarpur Water Supply Project, Udayapur | 81,81,899.30 | 2,05,000.00 | 3000.00 | April 18, 2022. 12:00 |
| 2 | 22/078-79/ Tapeshwori/ FWSSMP_BRT | Construction of 100 m3 OHT, Deep Tubewell, Compound wall and Guard house at Tapeshwori Water Supply Project, Udayapur | 1,71,06,611.20 | 4,25,000.00 | 3000.00 | April 18, 2022. 12:00 |
| 3 | 23/078-79/ Buddhashanti/ FWSSMP_BRT | Construction of 225 m3 OHT, 100 m3 RVT, Office building, Septic tank and Guard house at Buddhashanti Water Supply Project, Jhapa | 1,91,52,598.68 | 4,75,000.00 | 3000.00 | April 18, 2022. 12:00 |
| 4 | 24/078-79/PN/ FWSSMP_BRT | Supply and Delivery of HDPE pipe for various WSPs of Udayapur, Jhapa and Morang districts. | 1,43,19,098.91 | 3,55,000.00 | 3000.00 | April 18, 2022. 12:00 |

The detail notice can be assessed from www.bolpatra.gov.np/egp.

**Project Chief**

# विद्युत् निर्यातका लागि भारतसँग संवाद



**सहवान अन्सारी/मध्यान्ह**
परासी, ३ चैत

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले विद्युत् निर्यातका लागि भारतसँग संवाद भइरहेको बताएकी छिन्।

नवलपरासीको सुनवल नगरपालिका-१३ मा निर्माण भएको २२०/१३२ केभी न्यू बुटवल सबस्टेशनको बिहीबार उद्घाटन गर्दै मन्त्री भुसालले दुई वर्षभित्र सबै ठाउँमा विद्युतको पहुँच पुऱ्याउने योजनाका साथ सरकार अघि बढेको बताइन्। साथै उनले अहिले उत्पादन भइरहेको विद्युत् बर्खामा खेर जाने गरेकाले अन्तर्राष्ट्रिय बजारमा व्यापार गर्नुपर्ने अवस्थाको सृजना भएको बताइन्। मन्त्री भुसालले न्यू बुटवल सबस्टेशनको निर्माणले अब भ्यापभ्याप विद्युत् जाने समस्या समाधान हुने र गुणस्तरीय विद्युत् उपभोगमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदै गइरहेकाले ऊर्जा सङ्कट समाधान गर्न विद्युतीय उपकरणको प्रयोगमा जोड दिइन्।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपाल सरकार र एशियाली विकास बैंकको ऋण सहयोगमा बनेको न्यू बुटवल सबस्टेशन निर्माण गरिएको बताए। अहिले सम्पन्न भएको १३२ र २२० केभीसम्मको संरचनाले पर्वतस्थित कुश्मा सबस्टेशन, चितवनस्थित भरतपुर सबस्टेशन, रुपन्देहीस्थित बुटवल सबस्टेशन र बर्दघाट सबस्टेशनसँग कनेक्टिभिटी प्रदान गर्ने उनको भनाई थियो।

# समूह सदस्य अन्तर्क्रिया कार्यक्रम सम्पन्न

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ३ चैत



सूर्यमुखी साना किसान कृषि सहकारी संस्था लिमिटेड भोटेचौरले आफ्ना सदस्य, बजार प्रतिनिधिलाई एक दिने समूह सदस्य अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। आफ्ना सदस्यलाई सहकारीको सेवा र सहकारीलाई कसरी सहयोग पुऱ्याउन सकिन्छ भन्ने विषयमा मेलम्ची ४ र ५ को भदौरे, ३ को हैबुङ, २ को जैसी गाउँ, १२ र १ का लागि डाँडागाँउ वडा नं १ को माथिल्लो भेगको भोटेचौरमा कार्यक्रम गरिएको हो।

अभिमुखीकरणमा संस्थाका सेयरधनी सदस्यहरुलाई जनप्रतिनिधिको उपस्थितिमा कार्यक्रम संचालन गरिएको संस्थाका अध्यक्ष मित्रलाल चौलागाईंले जानकारी दिए।

कार्यक्रमको सहजीकरण संस्थाका अध्यक्ष चौलागाईं, प्रवन्धक बिना पोखरेल, ऋण प्रमुख अनुस्का थापा ऋण सहायक प्रकाश लामिछानेले गरेका थिए। अभिमुखीकरणले सदस्यहरुमा सहकारी शिक्षा प्राप्त गर्ने र सहकारीका सदस्यलाई व्यावसायिक बन्न सहयोग पुऱ्याउने संस्थाले विश्वास लिएको छ।

# बालमैत्री कानून निर्माणमा अघि बढ्दै कृष्णनगर



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ३ चैत्र

कपिलवस्तुको कृष्णनगर नगरपालिकाले बालमैत्री कानून निर्माणमा अग्रसरता देखाएको छ। नगरपालिकाले यूनिसेफ नेपालसँगको सहकार्यमा बुधबार बाल अधिकार समिति एवं सरोकारवालाबीच छलफल सम्पन्न गरेको छ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र ढकालले बालबालिकाको हक अधिकार सुनिश्चित गर्न स्थानीय तहहरूले बालमैत्री कानूनको तर्जुमा गर्नुपर्ने बताए। यस्तै यूनिसेफ़का प्रकाश कैनीले बाल अधिकार समितिको कार्य अझै प्रभावकारी बनाउँदै लैजानुपर्ने बताए।

जिल्ला कानूनी सहायता समिति कपिलवस्तुका अधिवक्ता राजु कुमार श्रीवास्तवले सहजीकरण गरेको कार्यक्रममा ईलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी नायब निरीक्षक ऋषि राज पछाई, माइती नेपालद्वारा संचालित हाम्रो सम्मान परियोजना कपिलवस्तुका संयोजक विकाश श्रीवास्तव, कृष्णनगर नगरपालिका शिक्षा शाखा प्रमुख बलराम पन्थी, प्रशासन शाखा प्रमुख राजेश मिश्रलगायतको सहभागिता रहेको थियो।

# तीन महिलासहित ४१ जनाले गरे रक्तदान



**मध्यान्ह संवाददाता**
नेपालगञ्ज, ३ चैत

बाँकेको नेपालगञ्जमा जनमत त्रैमासिक रक्तदान कार्यक्रम सम्पन्न भएको छ। रक्तदान कार्यक्रममा स्वयंसेवी रक्तदाताहरु, पत्रकार, व्यवसायी, स्वास्थ्यकर्मीलगायत तीन महिलासहित ४१ जनाले रक्तदान गरेका छन्।

नेपालगञ्ज उपहमहानगरपालिका वडा नं. १८ स्थित सोनालिका ट्राक्टरका लिला इन्टरनेशनल प्रा.लि.को सहकार्यमा भएको सो रक्तदान कार्यक्रम भएको हो।

बाँकेको नेपालगञ्जबाट विगत ४० वर्षदेखि प्रकाशित हुँदै आएको जनमत अर्द्धसाप्ताहिक पत्रिकाले आफ्नो रजत महोत्सव-२०६३ साल वैशाख २९ गतेदेखि हरेक तीन महिनामा रक्तदान कार्यक्रमको आयोजना गर्दै आइरहेको छ।

विशेषगरी रगतको अभावमा छट्पटाइरहेका गरिब, असहाय र टाढा टाढाबाट आउने विरामीहरुलाई लक्षित गरेर 'रक्तदान महादान' को पवित्र उद्देश्यले आयोजना गर्दै आएको रक्तदानको यो ५२ औं श्रृंखला हो।

कार्यक्रम संयोजक पवन जयसवालका अनुसार रक्तदान गर्नेहरुमा अन्नपूर्णा दैनिकका प्रदेश व्यूरो प्रमुख शंकर प्रसाद खनाल, पत्रकारहरु खम्बप्रसाद पुन, भगतराम थारु, चन्द्रेश्वरराज त्रिपाठी, जागेश्वर सिंह थारु, चर्चित युवा कलाकार प्रमोद डिजी, गौतम प्रसाद पौडेल, लक्ष्मण कुमार वैश्य, धर्मेन्द्र सिंह, पवन कुमार वैश्य, विनोद कुमार वैश्य, निरजमान श्रेष्ठ, राजन वर्मा, जैनेन्द्र जायसवाल, अतुल ठाकुर, स्मारिका श्रेष्ठ, प्राविधिक होमराज गिरी, सुनिल रत्गैया, मनोज बोगटी, रञ्जित साहू, मन बहादुर केसी (निशान), विकेक कुमार बैश्य, नन्दराम सिजापति, जानकी गाउँपालिका वार्ड नं.-५ वडाध्यक्ष रमेश कुमार वर्मा, लक्ष्मण प्रासद चमार, मनमोहन वर्मा, दिला शाह, राजितराम अहिर, प्रदिप कुमार वर्मा, विजय श्रेष्ठ, स्वास्थ्यकर्मी दिनेश कुमार वर्मा, समाजसेवी माधवराम वर्मा, शान्ति स्वीट्स धम्बोझीका दिनेश प्रसाद तमोली, एकता युवा क्लब पुरैनीका अध्यक्ष राजेश कुमार यादव, अमरराज गिरी, गंगाराम थारु, मेराज अहमद दर्जी, वडा प्रहरी कार्यालय नेपालगन्जका असई कुलबहादुर विक, रुसतम अली दर्जी, अस्मिता डिसी, श्रवण शर्मा लगायत ४१ जना रहेका छन्।

सो अवसरमा रक्तदाताहरुलाई सोनालिका सोरुम लिला इन्टरनेशनल प्रालिका सञ्चालक सरोज कुमार श्रेष्ठले रक्तदान कार्यक्रमको लोगो अंकित टिसर्ट वितरण गरेका थिए।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित लुम्बिनी प्रदेशका प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, होमराज गिरी, सोम प्रकाश सापकोटा, सुनिता कुमाई, सञ्जय बढही, केशर सिंह डाँगी लगायतले प्राविधिक सहयोग गरेका थिए भने कार्यक्रममा आकाश जयसवालले सहयोग गरेका थिए। जनमतका कतिपय नियमित रक्तदाताहरु विविध कारणवश उपस्थित हुन नसकेको र रक्तदान गर्ने उच्च अभिलाषा बोकेर आउने कतिपय रक्तदाता उक्त रक्तचाप, न्यून रक्तचाप र औषधि सेवनका कारण रक्तदान गर्न नपाई निरास भई फर्कनु परेको जनमतका सम्पादक पूर्णलाल चुकेले जानकारी दिए।

# तराईका विभिन्न जिल्लामा आज होली मनाइँदै

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, ३ चैत



रङहरुको पर्व होली आज तराईका विभिन्न जिल्लामा बिहानैदेखी हर्षोल्लासका साथ मनाइँदैछ। वसन्त ऋतुको आगमनको सुरुवातका रुपमा लिइने फागु पर्व एकापसमा खुसीयाली प्रकट गरी सामूहिक रुपमा भेला भएर एक अर्कामा रङ दलेर मनाउने गरिन्छ।

तराईमा होलीलाई विशेष महत्वका साथ मनाउने गरिन्छ। होलीमा प्रयोग गरिने रङहरूको आ-आफ्नै महत्व रहेको छ। नीलो रङलाई धर्मयुद्धको प्रतीक मानिन्छ। पहेँलो रङ भगवान विष्णु र श्रीकृष्णको प्रिय रङ हो। भगवान गणेशलाई सबै रङ मनपर्ने तथा रातो रङलाई शक्ति र सौभाग्यको सूचक मानिन्छ।

सत्य युगमा विष्णुभक्त प्रह्लादलाई मार्नका लागि हिरण्यकश्यपले विभिन्न जाल बुन्दा पनि नसकेपछि आगोबाट नजल्ने र नमर्ने वरदान पाएकी बहिनी होलिकालाई प्रह्लादलाई काखमा लिएर आगोमा बस्न लगाउँदा प्रह्लादलाई केही नभएको तर होलीका आफै जलेर नष्ट भएपछि असत्यमाथि सत्यको विजयको प्रतिकको रुपमा होली पर्व मनाउने गरिएको छ। राजधानी काठमाडौं लगायत पहाडी जिल्लामा भने बिहीबार धुमधामका साथ होली मनाइएको थियो।

**जनकपुरधाममा महामुर्ख सम्मेलन**

मिथिला नाट्यकला परिषद् (मिनाप) द्वारा हरेक वर्ष धुमधामसँग मनाइने होरी(होली) महोत्सव विविध कार्यक्रम आयोजना गरी मनाइएको छ।

होलीका अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गणमा जोगीरा प्रतियोगिता र महामूर्ख सम्मेलन आयोजना गर्ने गरिन्छ।

होलीका अवसरमा आयोजना हुने सो सम्मेलन देशैंभर प्रसिद्ध छ। मिथिला क्षेत्रको सांस्कृति अभियानमा अग्रणी भूमिका खेलेको मिथिला नाट्य कला परिषद् र मिनापले संयुक्त रुपमा सम्मेलन आयोजक गर्दै आएका छन्। मिनापले मिथिला क्षेत्रवाट उच्च तहको बौद्धिक काम गर्ने एक जनालाई हरेक वर्ष छनोट गरेर महामूर्खसहित विभिन्न व्याङ्गात्मक पदवीबाट सामाजिक सम्मान गर्ने चलन छ। यो मिथिला क्षेत्रमा चर्चित छन्।

विभिन्न क्षेत्रमा काम गर्ने व्यक्तिलाई हरेक वर्ष छनोट गरेर यो पदवीबाट सामाजिक सम्मान दिने चलन छ।

# MIKLAJUNG RURAL MUNICIPALITY

## OFFICE OF RURAL MUNICIPAL EXECUTIVE

**Madhumalla, Morang**
**Province no. 1, Nepal**

## Invitation for Bid

**Date of Publication: 4th Chaitra 2078 (18th March 2022)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids underE-procurement system from eligible bidders for the procurement of following works.

| S.N. | Contract Identification Number and description of works | Estimate amount without VAT and PS (NRs.) | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method |
|---|---|---|---|---|---|---|
| 1. | 21/MRMM/WORKS/ NCB/078/79 (Tahara Masu Katne Goshkhana Nirman) | 20,07,891.81 | 50,000 | 3000.00 | 12:00 noon 17th April 2022 | NCB |
| 2. | 22/MRMM/WORKS/ NCB/078/79 (Construction of Covered Hall in Ward No. 7) | 1,04,48,096.21 | 2,61,000 | 3000.00 | 12:00 noon 17th April 2022 | NCB |

2. Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Miklajung Rural Municipality, Office of Municipal Executive, Madhumalla, Morang, during the office time.
3. Bidders shall download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp , as specified in the Bidding data sheet for provision of E-bidding. Bidders should deposit the equivalent fee for bidding document in the below Revenue account. Bids submitted in hardcopy shall not be accepted.

| Name of bank | Name of office | Account Name | Office revenue account number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-1-1 Aantarik Rajaswa Khata | 0610058213000013 |

4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp. Bidders are requested to follow the electronic bids submission procedure as specified in e-GP system operating guideline-2073 and user manuals issued by PPMO which are available in e-GP system. Bids shall be opened in the presence of bidders representatives who choose to attend on the date mentioned in above table at 14:00 hrs at the Office of Rural Municipal Executive, Miklajung Rural Municipality, Madhumalla Morang. Bids must be valid for a period of 90 days for NCB counting form the day of Bid Opening and must be accompanied by the bid security which shall be valid for minimum 30 days beyond the Bid Validity period. The scanned copy of Bid security should be uploaded in the e-GP system during the bid submission.

**Information to deposit the bid security amount**

| Name of bank | Name of office | Account Name | Deposit A/C number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-3 Sthaniya Taha Dharauti Khata | 0610058213000061 |

5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working date at the same time and venue.
6. Tender Procedure shall follow Public Procurement Act 2063 (Latest Amendment) and Public Procurement Regulation 2064 (Latest Amendment).
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason.

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
४ चैत २०७८, शुक्रबार
18 March 2022, Friday

## सम्पादकीय

# निर्वाचन अनिवार्य

सरकारले घोषणा गरेको स्थानीय चुनावको मिति नजिकिदै गर्दा सत्ता गठबन्धनभित्र असन्तुष्टिका अभिव्यक्ति सुनिन थालेको छ । सत्ता साझेदार प्रमुख दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपाली कांग्रेसले साथ नदिए एमालेसँग गठबन्धनको चेतावनी दिएका छन् । कांग्रेससँग गठबन्धन कायम रहनेमा आशावादी रहेको बताए पनि प्रचण्डले विकल्पबारे समेत तयार हुनसक्ने संकेत दिए । प्रचण्डले एमाले अध्यक्ष केपी शर्मा ओली सहित नेताहरूसँग गएको १२ फागुनमा भेटवार्ता समेत गरेका थिए । अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे छलफल गर्ने सन्दर्भमा ओलीसँग प्रचण्डको भेट भएपनि त्यसको राजनीतिक अर्थ अरू पनि छ । किनभने एक वर्ष अघिदेखि ओलीसँग प्रचण्डले भेटेका थिएनन् ।

सत्ताको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसका नेताहरूले समेत गठबन्धन कायम नरहन सक्ने अभिव्यक्ति दिइरहेकाले पनि ओली र प्रचण्डको भेटवार्ता अर्थपूर्ण थियो । बिहीबार त प्रचण्डले एमालेसँग चुनावी गठबन्धन नै हुन सक्ने अभिव्यक्ति दिए । सत्ता साझेदार माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीलाई कांग्रेस नेताहरूले 'हात्तीको कानमा झुण्डिएको चमेराको संज्ञा' दिएकाले पनि प्रचण्डको अभिव्यक्तिप्रति आशंका गर्न सकिन्छ । गएको वर्ष मात्रै तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन र विघटन भएर एमाले र माओवादी केन्द्र बनेकाले यी दुई दलबीच चुनावी गठबन्धन सजिलो छैन । तर चुनाव भनेको चुनाव नै हुन्छ । अझ तिक्ततापूर्ण सम्बन्धमा रहेको एमाले र माओवादी केन्द्रबीच २०७४ को चुनावमा गठबन्धन हुँदै पार्टी एकता भएकाले यसपटक नहोला भन्न सकिन्न ।

कम्युनिष्ट शक्तिहरूलाई कमजोर बनाउने कांग्रेस नेतृत्वको मनोविज्ञान र प्रकट अभिव्यक्तिले पनि सत्ता गठबन्धन भत्कन सक्छ । त्यस्तो परि स्थिति सिर्जना हुँदा वर्तमान सरकारले बहुमत गुमाउन सक्छ । तोकिएको स्थानीय चुनाव देखि आगामी मंसिरमा पाँच वर्ष पुग्ने संघीय संसदको चुनाव प्रभावित हुन सक्छ । जबकी लोकतन्त्रमा चुनाव अनिवार्य प्रक्रिया हो । कुनै राजनीतिक शक्तिले आफ्नो अनुकुल निर्णय निकाल्नेगरी निर्णय लिइने विषय होइन । तर राजनीतिक कोर्श सही तरिकाले नचलेमा तीनै तहको चुनाव प्रभावित बन्न सक्छ । त्यसैले संविधान, व्यवस्था र लोकतन्त्रका निम्ति सबै चुनाव निर्धारित समयमा हुन जरूरी छ । चुनाव प्रभावित राजनीतिक गतिविधि, अभिव्यक्ति र निर्णय रोक्न नै दलहरूको दायित्व हो ।

# वसन्त उत्सव र फागु

**अधिकारको दुरूपयोग गर्नेहरूलाई विशेष सतर्क गराउने संकेत दिने होलिका दहन उत्सवले प्राचीन इतिहासको पनि संकेत गर्छ । असत्यको प्रतिक हिरण्यकशिपु र उसकी समर्थक होलिका दहनको खुशीयालीमा त्यसै होलिका दहनको खरानीको टीका लगाई खुशी व्यक्त गर्ने क्रममा फागु खेल्ने परम्परा विकसित हुँदै आएको हो ।**

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

फागुन २६ देखि देशव्यापी उत्सव, वसन्तोत्सव फागुको उत्सव शुरू भइसकेको छ । रंगको पर्वका रूपमा चिनिएको यो महोत्सव फाल्गुण शुक्ल अष्टमीदेखि आरम्भ भई पूर्णिमासम्म र तराई भेगमा त्यसको भोलिपल्ट उत्सर्गको रूपमा पुग्छ । अधिकारको दुरूपयोग गर्नेलाई होलिकाको अवस्था हुने विम्ब पस्कँदै समापनतिर जाने यो पर्व सत्ययुगदेखि नै आरम्भ भएको हो । धर्म, संस्कृतिको अक्षुण्णतालाई कायम राख्ने नेपालीहरूका घर आँगनमा वसन्तको महोत्सव, होलीपर्व, हर्ष र विजयोत्सवका रूपमा सदाझैँ यस वर्ष पनि आइपुगेको छ । विखण्डनतिर उन्मुख भइरहेको, हरेक विषयमा समर्थन र विरोध भनौँ अन्तरविरोधको स्वरमा हुर्कन लागेको समाजलाई यो पर्वले निश्चय नै सद्भाव र भाइचारा अनि राष्ट्रिय एकताको सन्देश दिन्छ भन्ने आशा गरौँ । नयाँ ऊर्जा, नयाँ उत्सव, नवीनतम् जोस र जाँगर लिएर नेपालको भावी चित्र खिच्ने अभिलाषा बोकेर नव वसन्तको खोजी गरिरहेका आम नेपालीहरू बीच अतीतका कटु यथार्थलाई बिर्सेर धार्मिक, सांस्कृतिक सद्भाव र मौलिक चिनारी प्रस्तुत गर्न उद्यत् नेपालीहरू के तराई, के उपत्यका के पहाड सबैतिर एक हप्तासम्म होली महोत्सव मनाउँदैछन् । चीरदाहको नामले परिचित फागुलाई असत्यमाथि सत्यको विजयउत्सवका रूपमा लिने चलन छ ।

राजधानी काठमाडौंको वसन्तपुरमा एकहप्ता अगाडि नै पच्चीस फिट अग्लो काठको लिंगो ठड्याई विभिन्न रंगका कपडाले बेरेर बडो उल्लासका साथ फागु आगमनको संकेत दिने लिंगोलाई वृन्दावनको आनन्द कदमको रूखको प्रतिक मान्ने चलन छ । लिंगोको टुप्पोमा छत्राकार दिइएको चीर ठड्याउने कार्यलाई फागु पूर्णिमाको अघिल्लो रातिसम्म राखेर जलाइन्छ । चीरलाई दहन गरिने भएकाले चीरदाहको नामले फागु पूर्णिमाका दिन खुशीयालीका रूपमा पनि मान्ने चलन छ । चीरलाई दहन गरिने भएकाले चीरदाहको नामले फागु पूर्णिमाका दिन खुशीयालीका रूपमा जात्रा मनाइन्छ । चीरको खरानी दल्ने, त्यसको टीका लगाउने, घर सजाउने, शरीरमा रंग विरंगी चित्र वनाई एक आपसमा फागु खेल्ने चलन पनि रहेको छ । शत्रुता र वैरभावलाई बिर्सेर आपसी भाइचाराको रूपमा, मित्रताको गाँठो बलियो पार्ने चाडको रूपमा पनि फागुलाई मनाइने गरिन्छ ।

तराईमा फागुको रौनक पूर्णिमाको भोलिपल्ट हुन्छ । मिथिला (जनकपुर)मा धूमधामसाथ मनाइने यो पर्वले तराईका प्रत्येक कुनासम्म आफनो पहुँच बढाएको छ । तराईका ग्रामीण परिवेशमा रहेका फोहोर, घाँस पतझरहरूलाई जलाएर पुराना दर्द बिर्सने, चीरदाह, उत्सवका रूपमा मनाइन्छ । वसन्तका नयाँ पालुवाझैं जीवनमा नयाँ उत्साहको उर्जा थप्ने चाड फागु नेपालका कुनाकाप्चा ग्रामीण परिवेशसम्म बडो उत्सुकताका साथ मनाइने गरिन्छ । अधिकारको दुरूपयोग गर्नेहरूलाई विशेष सतर्क गराउने संकेत दिने होलिका दहन उत्सवले प्राचीन इतिहासको पनि संकेत गर्छ । धन, पद प्रतिष्ठाको अनि क्रोध, लोभको प्रतिक हिरण्यकशिपुले सात्विक कार्यका प्रतिक प्रह्लादको अन्त्य गर्न भरमग्दूर प्रयत्न गरेको तर, सत्यको विनाश भने हुन नसक्ने देखेपछि अग्निले दहन गर्न नसक्ने दैवीशक्ति लिएर बसेकी आफ्नै बहिनी होलिकाको काखमा राखेर भक्त प्रह्लादको अन्त्य गर्ने प्रयास स्वरूप प्रह्लादलाई जलाउन प्रयत्न गर्‍यो । अन्ततः प्राप्त शक्तिको दुरूपयोग भएकोदेखि अग्निदेवले प्रह्लादको सट्टा होलिकालाई नै दहन गरिदिए । असत्यको प्रतिक हिरण्यकशिपु र उसकी समर्थक होलिका दहनको खुशीयालीमा त्यसै होलिका दहनको खरानीको टीका लगाई खुशी व्यक्त गर्ने क्रममा फागु खेल्ने परम्परा विकसित हुँदै आयो । प्रह्लादलाई बाजा गाजासहित रंगीन उत्सवका साथ अवीरयात्रा गरिएको संस्मरण स्वरूप फागु पूर्णिमा मनाउने चलनले सबै जन मानसमा एउटा अमिट छाप छोडेको छ ।

सत्ययुगको उपरोक्त संस्मरणले द्वापरयुगको संकेत स्वरूप वृन्दावनमा गोपिनीहरूका साथ श्रीकृष्णले रसरंग गर्नुभएको प्रसंग पनि जोडिन पुग्छ । होलिको उत्सव मान्दै कल्मष हटाउने, आत्मीय स्नेह बढाउने, सुख, समृद्धि र ऐश्वर्य वृद्धि गर्ने चाडको रूपमा द्वापरयुगदेखि नै मान्दै आएको पर्व कलियुग आजसम्म आइपुग्दा पनि वढेको छ । आफन्तहरूसँग भेटघाट गरी खुशीको साटासाट गर्दै उपहार दिँदै, मीठा खानेकुरा खाने पर्वका रूपमा पनि यसलाई लिइन्छ । नयाँ अन्न स्वास्थ्यवर्द्धक जौ, चना, गहुँको परिकार वनाउने त्यसको आहुति दिँदै आत्मेश्वर शरीरभित्रको परमेश्वरलाई भोगप्रसाद लगाउने चाडका रूपमा पनि यसलाई हेर्ने गरिन्छ । यसमा आहुती दिइएको तिलक प्रसाद टीका लगाउने चाडको रूपमा पनि लिइन्छ ।



> नेपालमा फागु पर्वको थालनी मल्ल राजाहरुबाट भएको हुन सक्ने कुरा हनुमान ढोकामा चीर ठड्याउने कार्य आरम्भले स्पष्ट संकेत दिन्छ । फागुको राग गाउने परम्परा पनि मल्लकालीन इतिहासबाट आरम्भ भएको देखिन्छ । एउटा किंबदन्तीअनुसार भोट गएका एक व्यापारी आफ्नो बस्ती काठमाडौंको ठहिटी टोलमा फर्कन सकेको खुशीयालीमा काठमाडौं शहरमा अवीर जात्रा गर्ने परम्परा सुरु भएको भन्नेहरु पनि छन् ।

राजा युधिष्ठिरको पालामा पनि होलिमहोत्सव मनाइने गरिन्थ्यो । भविष्य पुराणको कथानक अनुसार ढुण्डा नामकी राक्षस्नीले केटाकेटीहरूलाई बडो उपद्रव गर्न थालेकीले हातमा मसाल लिएर ठूलो जनसमूहका साथमा अग्नि प्रज्वलित गर्दा ढुण्डा राक्षसी डराई केटाकेटी अपहरण गर्ने कार्य बन्द गरेकी र सबैलाई सुख शान्ति मिलेको कुरा पनि पौराणिक कथाहरूको प्रसंग पाइन्छ । फागु महोत्वसमा अग्नि दहन गर्दा वरिपरिको वातावरण स्वच्छ, पवित्र हुने, रोग निरोधक शक्ति वृद्धि हुने, रोगका कीटाणुहरू, फोहोर नाश हुने, शरीर निरोगी हुने वैज्ञानिक दृष्टिकोणले पनि यो उत्सवलाई सबैले मान्ने गरेका हुन् । प्रदूषित वातावरण, समयमा सहरमा फोहोर नउठ्ने कार्यलाई यो पर्वले तीखो व्यँग्य गरेको छ र आफैँ आफैँ मिलेर सरसफाइ गरौँ भन्ने संकेत गर्छ ।

नेपालमा यस पर्वको थालनी मल्ल राजाहरूबाट भएको हुन सक्ने कुरा हनुमान ढोकामा चीर ठड्याउने कार्य आरम्भले स्पष्ट संकेत दिन्छ । फागुको राग गाउने परम्परा पनि मल्लकालीन इतिहासबाट आरम्भ भएको देखिन्छ । एउटा किंबदन्तीअनुसार भोट गएका एक व्यापारी आफ्नो बस्ती काठमाडौंको ठहिटी टोलमा फर्कन सकेको खुशीयालीमा काठमाडौं शहरमा अवीर जात्रा गर्ने परम्परा सुरू भएको भन्नेहरू पनि छन् । काठमाडौंको ठबलि महाबिहारबाट "चक्रद्य" जात्रा सुरू हुने परम्परा भएकाले सो कुराको पुष्टि हुन्छ । काठमाडौवासीले होलिलाई "चक्रद्य" भन्ने गरेका र यो जात्रा होलिकै संझनामा सुरू भएको हुन सक्ने कुरा संस्कृतिविद्हरूको मत छ । भगवान मस्येन्द्रनाथको पुकार गर्दै "सार्थबाहु" नामक व्यापारी ठूलो कष्टका साथ भोटबाट फर्कन सकेको संस्मरणस्वरूप पनि काठमाडौंवासीले यो जात्रा सुरू गराएको भन्ने किंवदन्ती छ ।

आफ्नो भदा प्रह्लादलाई काखमा राखी जलाउन खोज्दा आफैँ डढेकी र त्यसको खुसियालीमा होलिका दहन उत्सव मनाइने गरिएको हो । सत्ययुगदेखि नै आरम्भ गरिएको फागु उत्सवले प्राप्त अधिकारको दुरूपयोग गर्नेलाई होलिकाकै हालत हुन्छ भन्ने सङ्केत समेत दिन्छ । हिरण्यकशिपुको वित्तण्डा समाप्त पार्न, सत्य, शान्त र भक्तिभावले ओतप्रोत प्रह्लादलाई बचाउन जगदीश्वर श्रीविष्णु आज्ञाले हिरण्यकशिपुकी बहिनी होलिकाको अन्त्य गरेको प्रसंग पनि पौराणिक चर्चाको विषय वनेको छ ।

पुरानो मनोमालिन्य, शत्रुता र वैरभावलाई विर्सेर घर घरमा गई शुभकामना, भोज भतेर, बधाई साटासाट गरिने यो फागुपर्व काठमाडौंमा मल्लकालदेखि आरम्भ भएको कुरा इतिहासले पुष्टि गरेको छ । पच्चीस फिट अग्लो काठको लिङ्गो काठमाडौंको वसन्तपुरमा ठड्याउने, विभिन्न रंगिन कपडाले त्यसलाई बेर्ने, टुप्पामा एक किसिमको झल्लरी छाताजस्तो बनाउने र होलिको रात्रिमा त्यसलाई जलाउने गरिन्छ । यसै कार्यलाई चीरदाह भनिने र चीरको खरानी टिका लगाउँदै, फागुका अनेकौँ गीत, नृत्य र खासगरी व्यङग्य गीत गाउँदै वडो हर्षोल्लासका साथ मनाइने पर्व फागु विजय उत्सवको नमूना नै हो भन्न सकिन्छ । प्राचीन समयमा व्यपारिक काममा ल्हासा पुगेका सार्थबाहु सिँह सजिलै काठमाडौंको ठहिटी आफनो घर फर्कन सकेका उपलक्ष्यमा काठमाडौंवासीले त्यस दिनको सम्झना स्वरूप यो उत्सव मनाउन लागेको भन्ने किम्बदन्तीहरू छन् । काठमाडौंमा अहिले पनि "चकद्य" यात्राको रूपमा मनाइ चकद्य मूर्ति दीपाङ्करको आकारमा बनाई खुसीयाली गर्ने परम्परा कायमै भएकाले किम्बदन्तीमा विश्वास गर्ने आधारहरू छन् । व्यापारी सार्थवाहुलाई बाटामा अनेकौं झन्झट आइलागे पनि मत्स्येन्द्रनाथको कृपाले उनी घर फर्कन सकेका र टोलिमा गएका कतिपय साथीहरू राक्षसको आहार बनेका पनि थिए रे ! गहुँ, चना, जौ को आहुति दिएर डढेको खरानी प्रसाद स्वरूप लिने परम्परा पनि छ । फागु उत्सवमा आगोमा भुटेका अन्न वढी पौष्टिक हुन्छ र शरीर निरोगी र फुर्तिलो बन्छ । बाटा घाटाहरूमा रहेका फोहोर डढाउने, हटाउने कार्यले वातावरण राम्रो र स्वस्थकर हुन्छ । यसरी मन, मस्तिष्क र समग्र समाजको प्रदूषण हटाई नवीन चेतना, उत्साह र नयाँ कार्यशैली प्रति प्रेरणा दिने पर्व फागुपर्वले हाम्रा घर आँगनीमा सामाजिक एकता र सद्भाव कायम राख्न प्रेरणा देओस्, फागुको शुभकामना ।

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

नयाँ घर बनाउन जमिन चाहिन्छ, पुरानोलाई जमिन चाहिन्न, तला थपे पुग्छ । वैकल्पिक राजनीतिको घर बन्न बाँकी होला, जमिन जोडियो, जग बन्दैछ । म त बितेको दशकबाट बढो उत्साहित छु । कम्तीमा कांग्रेस, कम्युनिस्ट, राजावादी भनेजस्तै बैकल्पिक राजनीतिको धार त बनिसक्यो, अब एकीकृत गर्न न बाँकी हो ।



- विनोद गौतम

कांग्रेसले गठबन्धन बनाई लडे, जनताले उसको सामर्थ्य सकिएछ भन्ने बुझ्छन् । गठबन्धनको लागि जसले मरिहत्ते गरिरहेका छन् उनलाई जनताले शक्ति सकिएका च्याखे दल हुन भन्ने त बुझेकै छन् । जहाँसम्म माओवादी र मधेशवादीको कुरा हो, एकल सरकार दिने सामर्थ्य नभएका संक्रामक दल यीनै हुन् ! के चाहियो ?



- केशव दाहाल

प्रत्येक दिन षडयन्त्र सोचेर, षडयन्त्र रोपेर, षडयन्त्र फलाएर, षडयन्त्र पकाएर, षडयन्त्र खाएर, षडयन्त्र कै ओछ्यानमा, षडयन्त्रकै सपना देखेर उ बिहान उठ्छ र बाँकी समय देश जोगाउने कुरा गर्छ । दुर्भाग्य, उ आफुलाई नेता भन्छ ।



- बाबुलाल भण्डारी

कतै एउटै भवनमा प्रदेशका धेरै मन्त्रालयका बोर्ड लहरै छन्, कहीँ प्रदेशको नामै जुटेन त कतै बोर्ड एकातिर काम अर्कोतिर छ । कतै भवनलगायतका संरचना निर्माणका लागि तोकिएका जग्गा प्राप्त भएका छैनन् भने कतै जग्गा नै अझै निश्चित छैन । मन्त्री र मन्त्रालय थपेर लुटीखाने धन्धा भने बेरोकटोक छ ।



- मुक्ति अर्याल

गठबन्धन बिना राजनीति सकिने (सबैभन्दा ठुलो पार्टी हुन्छौ भन्नेहरूको) निष्कर्ष । गठबन्धन गरेपनि सकिने नै हो, नगरे पनि सकिने नै हो । गठबन्धन गर्दा दुबै ठुला पार्टीहरूबाट पाउने ५/७ सिट हो, जसमा जित्ने सम्भावना शुन्य छ, नगरे झन यसै शुन्य छ । आउँदो आम निर्वाचन !

# नेपाली राजनीतिक आन्दोलनमाथि प्रश्न

**कांग्रेसीको दिमागमा समाजवादको कुनै मोडेल छैन र कम्युनिष्टहरूको समाजवादको त झन हरिबिजोग छ । एकथरीहरू रिम र वाइडेन दुवैलाई मान्य हुने मोडेल नपाएर बिजोग छन् र बाँकीहरू माओवादको बोधिचित्तको माला लगाएर चित्त प्रसन्न गरिरहेका छन् । माओबाट सिक्ने कुरा त छुटिरहेका छन् तर, कथा प्रवचन बाँकी नै छ । यो बाहेक कसैका नाम कम्युनिष्ट छन् भने या त नक्कली नाम हुन् या त ट्रेडमार्कका व्यापारी ।**

टिप्पणी



● लेखराज रेग्मी


नेपाली कम्युनिष्ट तथा वाम प्रजातान्त्रिक आन्दोलन एउटा अन्योल दस्तावेजिकरणमा देखिन्छ । नेपालमा पुष्पलाल श्रेष्ठको पहिलो घोषणापत्रदेखि जनयुद्ध र गणतन्त्रसम्म वर्ग विश्लेषणमा कुनै गुणात्मक विकास छैन । र, हरेक पटक वर्गहरुको सुक्ष्म अन्वेषण गर्न दस्तावेजका प्रस्तोताहरुले अधिवेशनहरुसँग माग गर्दछन्, तर नेतृत्वमा आएको समयदेखि पुनः दस्तावेज लेखनको उपक्रममा त्यही लाइन (वाक्यांश) दोहोर्‍याउनुको बिकल्प रहँदैन । यस्तो वैचारिक कामप्रतिको हेलचेक्राइँ दिवालिया प्रवृत्तिले आन्दोलनको अगुवाई गरिरहनु कत्तिको खेलबाड महसुस हुन्छ कुन्नी स्वयम् नेतृत्वको निर्णायक तहमा रहनेहरुलाई ?

वास्तवमा नेपाली समाजको वर्ग विश्लेषण भनेको नेपाली समाजको विकासको स्थितिलाई राजनैतिक अर्थशास्त्रीय कोणबाट द्वन्द्ववादी ढंगले भौतिक अवस्थितिका आधारमा गरिने अध्ययन र विश्लेषण तथा निरुपण हो, जसले समाजमा परिवर्तन र विकासका आवश्यकता र अवरोधको तथा निकासका बिधि र निर्णायक जनशक्तिको निरुपण गर्छ । आन्दोलनको चेतना र बोधको स्तर स्थापित गरिन्छ । यसरी परिवर्तनका तात्कालिक सम्भाव्यता र प्रयत्नका प्राथमिकता निर्धारण गरिन्छ र कामका योजना दिशा र व्यापक स्थीतिको लागि घनिभूत काम थालिन्छ । अपुरो तयारिका साथ, दृष्टिकोण निर्माणको प्राथमिक कार्यमै होचपोचका साथ अगाडि बढ्नुका परिणामहरु हामीले भोग्दै आएका छौं । हामीले आफुलाई दिक्षित गर्ने गरी हेरेको भोगेको र सिकेको देशभक्ति राज्य विस्तारमा नेपाल दरबारको भूमिका र अंग्रेज भगाऔं आन्दोलन भारतमा हो ।

बृटिश साम्राज्यवादले सँगै बोकेर भारतीय उपमहाद्वीपमा पुर्‍याइदिएको प्रजातान्त्रिक चेतनासँगै विकसित देशभक्तिपूर्ण आन्दोलनबारे भारतमा र नेपालमा राजनैतिक ग्रन्थीहरुको निर्माण हुने गरेको छ । हामी नेपालीको सन्दर्भमा उपनिवेश नबनेको दम्भ र साइज विकास साझेदारी तथा बौद्धिक र वैचारिक सवालमा सांस्कृतिक सिकार बनेका छौ । विपीको प्रजातन्त्र र समाजवादको नारा र यसको अन्तरवस्तुबारे नेपाली राजनीतिमा नेपाली मोडेल छैन । पुष्पलालदेखि प्रचण्डसम्म नेपाली नयाँ जनवादी गणतन्त्रको नेपालको आफ्नै फेहरिस्त नबनिकनै नयाँ जनवादी क्रान्तिको चरण सम्पन्न भयो, क्रान्तिकारी रुपान्तरणको उपलब्धता बिना । त्यसैले कतिपयमा नयाँ जनवादी क्रान्ति सम्पन्न नगरी समाजवादी क्रान्तिमा प्रवेश गर्नुहुँदैन भन्ने भ्रम यथावत छ । जनता परिवर्तन आफ्नो पक्षमा नहुनुको पीडा भोगिरहेको छ । समाजवादी क्रान्तिको कार्यक्रम दिशा नीति र यसको बाहक संगठनात्मक ढाँचा र प्राथमिकताबारे बिगत १५ वर्षदेखिको अन्योल ग्रस्तता अत्यन्त पीडादायी छ ।

स्वयम् नेपाली कांग्रेसका वैचारिक राजनैतिक नेताहरु जब माटोको कुरा गर्छन्, राष्ट्रियताको कुरा गर्छन्, आज पनि मोहनशमशेर र नेहरुकै पछाडि देखा पर्छन् र दम्भ सुवासचन्द्रको गर्छन् । उनीहरु जब प्रजातन्त्रको कुरा गर्छन् त्रिभूवन र गान्धीको कक्टेलभन्दा सुझ्दैन र नेकाको समाजवाद कम्युनिष्ट खौफ कम गर्न र रुसको मद्दतमा साम्राज्यवादी नब गुलामीलाई पर्दा हाल्न नेहरुले प्रयोग गरेको शब्दजालबाट उम्किदैनन् । उनीहरुको दिमागमा नेपाली समाजवादको कुनै मोडेल छैन र कम्युनिष्टहरुको समाजवादको त झन हरिबिजोग छ । एकथरीहरु रिम र वाइडेन दुवैलाई मान्य हुने मोडेल नपाएर बिजोग छन् र बाँकीहरु माओवादको बोधिचित्तको माला लगाएर चित्त प्रसन्न गरिरहेका छन् । माओबाट सिक्ने कुरा त छुटिरहेका छन् तर, कथा प्रवचन बाँकी नै छ । यो बाहेक कसैका नाम कम्युनिष्ट छन् भने या त नक्कली नाम हुन् या त ट्रेडमार्कका व्यापारी । यस्तो किन भैरहेको छ र नेपाली राजनीति स्वयम् नेपाली धरातलको राजनीति किन बन्न सकेन ? के यो कौतुहल मेट्न बाम प्रजातान्त्रिक वृत्तमा गम्भीर बहसका सार्थक प्रयत्न हुन सक्ला ?

# बाइडेनले दिए पुटिनलाई 'युद्ध अपराधी'को संज्ञा



काठमाडौं/एजेन्सी- अमेरिकी राष्ट्रपति जो बाइडेनले पहिलो पटक रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई 'युद्ध अपराधी'को संज्ञा दिएका छन् । बाइडेनले ह्वाइट हाउसमा एक जना सञ्चारकर्मीलाई उत्तर दिने क्रममा पुटिनलाई युद्ध अपराधीको संज्ञा दिएका हुन् ।

पुटिनको निन्दा गर्न उनले यस्तो भाषा प्रयोग गरेको यो पहिलो पटक भएको अर्न्तराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । रुसले बाइडेनको सो टिप्पणीलाई 'अस्वीकार्य अनि अक्षम्य' भएको बताएको छ। पुटिनका प्रवक्ता दिमित्रि पेस्कोभले बाइडेनको अभिव्यक्ति अस्वीकार्य अनि अक्षम्य भन्दै भन्दै अमेरिकी बमले विश्वभर हजारौं मानिसहरूको ज्यान लिएको जवाफ फर्काएका छन् ।

रुसी राष्ट्रपति कार्यालयका प्रवक्ता डिमित्री पेस्कोभले भनेका छन्, 'देशको प्रमुखका लागि गरिएको यस्तो टिप्पणी अक्षम्य र माफीयोग्य हुने छैन, त्यसमाथि जसको बलमा सयौं हजार मानिसको ज्यान लिएको छ विश्वभरमा उसबाट यस्तो टिप्पणी आउनु स्वीकार्य हुँदैन ।'

अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइट हाउस कि प्रवक्ता जेन साकीले राष्ट्रपतिले युक्रेनमा भएको हिंसाको 'बर्बर' तस्बिर देखेपछि आधिकारिक रूपमा घोषणा गर्नु भन्दा पनि बाइडेनले मनबाट बोलेको बताएकी छिन् ।

अमेरिकी राष्ट्रपतिको पछिल्लो टिप्पणीले अमेरिका र रुसबीच कूटनीतिक तनाव थप्ने सम्भावना देखिएको छ । युद्ध अपराध निर्धारण गर्न विदेश मन्त्रालयले सञ्चालन गर्ने एउटा छुट्टै कानुनी प्रक्रिया रहेको र त्यो छुट्टै चलिरहेको ह्वाइटहाउसको भनाइ छ ।

युद्ध अपराध भनेको के हो ?

हेगमा रहेको अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)ले प्रयोग गरेको परिभाषा व्यापक छ । यसमा नियतवश हत्या, यातना, बलात्कार, जबरजस्ती वेश्यावृति, शारीरिक सजाय, बन्धक बनाउने, गैरकानुनी निर्वासन, भोकमरीलाई हतियारको रूपमा प्रयोग गर्ने र आत्मसमर्पण गरेका लडाकुहरूलाई गोली हान्नेसँगै धेरै कार्यहरू समावेश छन् ।

यसका साथै युद्ध अपराधमा रासायनिक र जैविक हतियारहरू प्रयोग गर्ने, नियतवश नागरिक एवं गैर-सैनिकलाई निसाना बनाएर आक्रमण गर्ने, अस्पतालहरू एवं बिरामी र घाइतेहरू भेला भएका ठाउँहरूलाई लक्षित गर्ने, लुटपाट गर्ने र वातावरणमा गम्भीर क्षति पुऱ्याउने आक्रमणहरू समावेश हुन सक्छन् । रुसी आक्रमणलाई पनि कथित 'क्राइम अफ एग्रेसन' मान्न सकिन्छ ।

आईसीसीका अनुसार 'क्राइम अफ अग्रेसन' भनेको राज्यको सैन्य वा राजनीतिक नेताको 'आक्रामकताको एक कार्यको योजना, तयारी र कार्यान्वयन हो जुन आफ्नो चरित्र, गम्भीरता र मात्राले संयुक्त राष्ट्रसंघको बडापत्र (चार्टर) को स्पष्ट उल्लङ्घन हुन्छ ।'

आक्रामकता (अग्रेशन) को कार्य भनेको 'अर्को राज्यको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध एक राज्यले गर्ने सशस्त्र बलको प्रयोग' हो । यसमा बल प्रयोग गरी हुने आक्रमण, कब्जा र अर्काको भूभाग आफ्नोमा गाभ्नुका साथै बन्दरगाहहरूको नाकाबन्दी पनि समावेश हुन सक्छ । यो अपराध केवल उच्च पदस्थ नेताहरूमा लागू हुन्छ जसले 'राज्यको राजनीतिक वा सैन्य कारबाहीलाई निर्देशित वा नियन्त्रण गर्दछन् ।'

आईसीसी सन् २००२ मा रोम विधान भनिने अन्तर्राष्ट्रिय सन्धि अन्तरगत स्थापना भएको हो । यो सामूहिक अमानवीय कार्यहरूका लागि जवाफदेही बनाउने पहिलो स्थायी र स्वतन्त्र निकाय हो ।

साठी देशहरूबाट सुरु भएको यसको सदस्यता पछि दोब्बर भन्दा बढी भएको छ । सन्धिलाई अनुमोदन नगर्ने प्रमुख देशहरू अमेरिका, चीन, रुस र भारत हुन् । (अमेरिकाले आफ्ना नागरिकहरूलाई अदालतको क्षेत्राधिकार अन्तरगत राख्नुले तिनीहरूको संवैधानिक अधिकारको उल्लङ्घन हुने बताउँछ ।)

आईसीसीले युद्ध अपराधका मुद्दाहरू तब चलाउन सक्छ जब कथित सदस्य राष्ट्रका नागरिकद्वारा अपराध गर्छन्, वा कुनै सदस्य राज्य वा गैर-सदस्य राज्यका क्षेत्रमा कथित अपराध भएको हुन्छ, जसले अदालतको क्षेत्राधिकारको स्वीकार गर्छन्, या जब संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले आरोपहरू अदालतको अभियोजकलाई पठाउँछ ।

आईसीसी अभियोजकको कार्यालयले सुरक्षा परिषद्, (यसमा प्रायः कुनै सदस्य राष्ट्रको सिफारिस गर्छन्), या आफ्नै पहलमा पनि यसमाथि कारबाही अघि बढाउन सक्छ ।

युक्रेन आईसीसीको सदस्य होइन । तर २०१३ नोभेम्बरदेखि युक्रेनले आफ्नो क्षेत्रभित्र हुने घटनाहरूमा आईसीसीको क्षेत्राधिकार स्वीकार गरेको छ । यसले सन् २०१४ को प्रारम्भमा युक्रेनको क्रिमिया प्रायद्वीप माथिको आक्रमणको दौरान र पछि भएका कथित अपराधमा विचार गर्न सक्षम बनाएको छ ।

फेब्रुअरी २८ मा अदालतका मुख्य अभियोजक करिम खानले उनको कार्यालयले मुख्यतः २०२० मा गरेको प्रारम्भिक मूल्याङ्कनको आधारमा 'युक्रेनमा कथित युद्ध अपराध र मानवता विरुद्धको अपराध दुवै भएको छ भनी विश्वास गर्ने उचित आधार' भएको बताएका छन् ।

# युद्ध रोक्न आदेश

**काठमाडौं/एजेन्सी-** राष्ट्रसंघको अन्तर्राष्ट्रिय न्यायालय (आइसीजे) ले रुसलाई युक्रेनमाथि भइरहेको हमला तत्काल रोक्न आदेश दिएको छ। युद्धका लागि रुसी प्रशासन क्रेमलिनको औचित्यलाई समर्थन गर्ने कुनै प्रमाण नदेखेको अदालतले जनाएको छ। त्यस्तै युक्रेनले देशको पूर्वी भागमा रुसी भाषीविरुद्ध नरसंहार गरेको पनि अदालतले जनाएको छ ।

अदालतका १५ जनामध्ये १३ न्यायाधीशहरुले युक्रेनमा २४ फेब्रुवरीदेखि भइरहेको सैन्य कारबाही रोक्न भनेका छन् । रुसी र चिनियाँ न्यायाधीशहरुले मात्र आदेशको विपक्षमा मतदान गरे। न्यायाधीशहरूले विवादलाई बढावा दिने वा फैलाउन सक्ने कुनै पनि कार्यबाट टाढा रहन युक्रेन र रसियालाई आदेश दिएका छन् । आफ्नो निर्णयमा अदालतले युक्रेनमा रूसको आक्रमणलाई अमेरिका र नेटोले जस्तो 'युद्ध' भनेर उल्लेख गरेको छैन ।


## देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**प्रगतिनगर, नवलपरासी(ब.सु.पू)**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति:२०७८/१२/०३**

उपरोक्त बिषयमा यस कार्यालयबाट मिति २०७८-१०-१७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तथा www.bolpatra.gov.np/e–GP को E–procurement Portal मा समेत प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्य तपसिल बमोजिमको बोलपत्रदाताको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का न. | कामको विवरण | छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु.(मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | DEV/NCB/WORKS/04/2078-079 | Surakshit Aawas Building Constructiom(12 no.) 3rd phase in ward 1,2,13,15 and 17 | **Aananda Nirman Sewa, Kathmandu** | **74,30,993.50** |
| 2 | DEV/NCB/WORKS/05/2078-079 | Blacktopped (Asphalt) work in three section of ward 9,10,and 15 | **Omkar Builders, Kathmandu** | **1,00,69,844.04** |

**प्रमुख प्रशासकीय अधिकृत**

## Sunapati Rural Municipality
## Office of the Rural Municipal Executive

**Hiledevi, Ramechhap**
**Bagamati Province, Nepal**

### Invitation for Bids

**Date of publication: 2078/12/04 (2022-03-18)**

1. The Sunapati Rural Municipality invites electronic bids from eligible ISP for Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Rural Municipality, Ward Offices, Community Health Centers and Community school of Sunapati Rural Municipality Through 12-Core Optical Fiber under National Competitive Bidding. Only Eligible Bidders With the following key Qualifications should participate in this bidding, the requirements for contracts are provided in bid document :
   Minimum Average Annual Turnover of the best 3 years within the last 7 years : Npr 5 million
   a) Minimum work experience of similar size and nature.
   b) Minimum of 50 KM of optical fiber network in operation.
   c) Minimum of 1000 internet or data subscribers.
   d) Must have a valid ISP License from Nepal Telecommunication Authority.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Sunapati Rural Municipality, Hiledevi, Ramechhap or may visit PPMO egp system www.bolpatra.gov.np/egp. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank : Citizens Bank Ltd**
   **Name of Office : Sunapati Rural Municipality**
   **Office Account no. : 0700100000002202 for Bid Documents Fee(Aatarik Rajaswa Khata )**
   **Office Account no. : 0700100000005201for Bid Security Deposit (Sunapati Dharauti khataa)**
3. Pre-bid meeting shall be held at Sunapati Rural Municipality, Hiledevi, Ramechhap at 2022-04-11,12:00 Hrs.
4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of on or before,2022-04-18 12:00 Hrs Bids received after this deadline will be rejected.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 2022-04-18, 14:00 hours at the office of Sunapati Rural Municipality, Hiledevi, Ramechhap. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs given below which shall be valid for 30 days beyond the validity period of the bid.
6. The name and identification of the contract are as follows:

| Contract Identification No. | Name of Project | Estimated Amount, NRs (With VAT & PS) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| SUN/OpticalFiberWork/1/2078/079 | Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated locations of Rural Municipality, Ward Offices, Community Health Centers and Community sch ool of Sunapati Rural Municipality Through 12-Core Optical Fiber | 10426166.18 | 3,00,000.00 | 3,000.00 |

**Chief Admisnistrative Officer**

## ओमानमा रोजगार

१.कम्पनी: **WARDAT ALSABAH ALDHHBYA HENNA AND BEAUTY CENTER** शहर: **OMAN**
पूर्व स्वीकृत मिति: २०७७/०९/१४ चलानी नं.: ६०१५३९८३ **LT. No.: 235570** पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maker Up | 0 | 3 | सम्बन्धित काममा दक्ष | 170 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicurist | 0 | 1 | | 170 | ५३,५८० | | | | | | | |
| 3. | Hair Stylist | 0 | 2 | | 170 | ५३,५८० | | | | | | | |

२. कम्पनी: **WARDAT ALSABAH ALHDYTHA TRADING EST.** शहर: **OMAN**
पूर्व स्वीकृत मिति: २०७७/०९/१५ चलानी नं.: ६०१५४००६ **LT. No.: 235569** पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Embrodider | 0 | 2 | | 170 | ५३,५८० | | | | | | | |
| 3. | Maker Up | 0 | 1 | | 170 | ५३,५८० | | | | | | | |

३. कम्पनी: **WARDAT ALSABAH ALDHHBYA HENNA & BEAUTY CENTER** शहर: **BURAIMI**
पूर्व स्वीकृत मिति: २०७८/०८/०६ चलानी नं.: ६०१६८५१९ **LT. No.: 251460** पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maker Up (Female) | 0 | 2 | सम्बन्धित काममा दक्ष | 170 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairstylist | 0 | 2 | | 170 | ५३,५८० | | | | | | | |

४. कम्पनी: **WARDAT ALSABAH ALDHHBYA HENNA & BEAUTY CENTER** शहर: **OMAN**
पूर्व स्वीकृत मिति: २०७६/०९/२८ चलानी नं.: ६०१४९९९९ **LT. No.: 229855** पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist -female | 0 | 2 | सम्बन्धित काममा दक्ष | 170 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Beautician (Female) | 0 | 2 | | 170 | ५३,५८० | | | | | | | |

५. कम्पनी: **WARDAT ALSABAH ALDHHBYA HENNA & BEAUTY CENTER** शहर: **OMAN**
पूर्व स्वीकृत मिति: २०७६/११/२१ चलानी नं.: ६०१५५०१९ **LT. No.: 236686** पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maker Up(Female) | 0 | 2 | सम्बन्धित काममा दक्ष | 170 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hair Stylist -female | 0 | 2 | | 170 | ५३,५८० | | | | | | | |

६. कम्पनी: **WARDAT Al SABAH ALDHHBYA HENNA AND BEAUTY CENTER** शहर: **OMAN**
पूर्व स्वीकृत मिति: २०७८/१२/०२ चलानी नं.: ६०१७६०६७ **LT. No.: 259400**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairstylist | 0 | 3 | सम्बन्धित काममा दक्ष | 170 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Maker Up(Female) | 0 | 7 | | 170 | ५३,५८० | | | | | | | |

**नोट: काम नजानेकोलाई तालिमको व्यवस्था छ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ११ देखि १७ गतेसम्म (25 to 31 March 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu
Mob.: 9860049528, 9851068774, 9813517109 | Tel.: 014488231
E-mail : devudahal@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

### कम्पनीको नाम परिवर्तन भएको सूचना

दोस्रो पटक प्रकाशित मिति: २०७८।१२।०४
यस कम्पनीको मिति २०७३।०३।२० गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविकको कम्पनी स्वस्तिक बिजनेश प्रा. लि. (प्रा.लि.नं. : १४०८३२) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सम्राज्ञी इन्टरनेसनल प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/१२/०४
यस कम्पनीको मिति २०७८/०४/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एम.थ्रि. कुरियर एण्ड कार्गो प्रा.लि.** (प्रा.लि. नं. १७९८०८) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एम.थ्रि. कार्गो प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


**INTERSCAFF SAFETY**
**International Vocational Training School**

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber



Skill Test / Video Graphy Services
NOTE We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety
Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

# बक्स अफिस समाचार





## शिल्पाको 'लाइफ इन एलए'को रिलिज सर्‍यो

नेपाल र अमेरिकामा छायांकन भएको फिल्म 'लाइफ इन एलए'को रिलिज पोस्टपोन्ड भएको छ । बैशाख ९ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्म एक महिना पछाडि सरेको हो । होलीको अवसर पारेर निर्माण टिमले एक पोस्टर सार्वजनिक गर्दै आगामी जेठ ६ गतेलाई फिल्मको नयाँ प्रदर्शन मिति तोकेको हो । फिल्मले अमेरिकामा बस्ने नेपालीको संघर्ष र सफलताको कथा भन्छ ।

सुर्य एन श्रेष्ठको निर्देशन रहेको फिल्ममा ब्यास बिस्सु, आकेशा बिस्ट, शिल्पा मास्के, गौरव पहारी, बुद्धि तामाङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखकका साथै अमेरिकामा बसोबास गर्ने जारेड बिलप्स, साम भुजेल, जयन्द्र चिलुवाल लगायतको पनि अभिनय छ । दीपक वली एसोसियट निर्देशक रहेको यस फिल्ममा एलिस कार्की र प्रतिक पौडेलको संगीत र प्रताप दास र कविता श्रेष्ठ स्वर छ । ब्यास इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्मलाई ब्यास बिस्सुले निर्माण गरेका हुन् । फिल्मको कार्यकारी निर्मातामा संसार सुवेदी रहेका छन् भने अमेरिकाको लागि राजेन्द्र ठकुराथी निर्माताको रुपमा छन् ।

## मनिष राउत 'शमशेर'

**काठमाडौं/मस–** नेपाली कथानक चलचित्र 'शमशेर' निर्माणको घोषणा गरिएको छ । चलचित्रमा अभिनेता मनिष राउत समशेरको भूमिकामा देखिने भएका छन् । एभरेष्ट फिल्म एकेडमी र डिआर डेनिमको निर्माणमा बन्न लागेको एक्सन जनराको चलचिको फर्ष्टलुक पोस्टरसमेत सार्वजनिक गरिएको छ । जहाँ अभिनेता राउत एक्सन शैलीमा देखिएका छन् ।

पोस्टरमा मनिष हातमा खुकुरी बोकेर देखिएका छन् । उनको अनुहारमा रिस र विद्रोही भाव देखिन्छ । मनिषले फिल्मको कथावस्तु र आफ्नो चरित्र मन परेकाले काम गर्न लागेको जानकारी दिँदै फिल्ममा आफूले भिन्न भूमिका निर्वाहा गर्न लागेको बताएका छन् ।

चलचित्रमा सुमन थापा, सबिन शाक्य, रुपेश कार्की, रुपेश लामा, आशिस पराजुलीलगायत कलाकारको अभिनय रहनेछ ।

## पोल्याण्डकी क्यारोलिना मिस वर्ल्ड

**काठमाडौं/एजेन्सी–** यस वर्षको विश्व सुन्दरी प्रतियोगिताको उपाधि पोल्याण्डकी क्यारोलिना बेइलावस्काले जितेकी छन् । बिहीबार बिहान अमेरिकी टापु राज्य पुएर्तोरिकोमा सम्पन्न ७० औं संस्करणको मिस वर्ल्डको ग्रान्ड फिनालेमा उनी विजेता घोषित भएकी हुन् ।

अमेरिकाकी श्री साइनी फस्ट रनरअप र कोटे डी आइभोरकी ओलिभिया एस सेकेन्ड रनरअप घोषित भए । अघिल्लो संस्करणकी विजेता टोनीएन सिङले नयाँ विजेतालाई ताज पहिराइन् ।

कोरोना महामारीको कारण यसपटकको फिनालेमा ४० जना सुन्दरीले मात्र भाग लिएका थिए । नेपालको प्रतिनिधित्व गरेकी मिस नेपाल नम्रता श्रेष्ठ अन्तिम १२ मा छनोट हुन सकिनन् ।

मिस वर्ल्डको मुख्य विधा मानिने ब्युटी विथ पर्पसको उपाधि पनि अमेरिकाले जितेको छ ।

## कलाकारहरुले मनाए होली

**काठमाडौं/मस–** नेपाल, भारतसहित विभिन्न राष्ट्रमा मनाइने होली प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमाको दिन मनाइने गरिन्छ । बिहीबार हिमाली एवं पहाडी जिल्लामा होली मनाइएको छ भने शुक्रबार तराईमा होली मनाइँदैछ । माया, प्रेम र सद्भाव झल्काउने होली पर्व एकआपसमा रङ तथा अवीर दलेर, पानी छ्यापाछ्याप गरेर हर्षोल्लासका साथ मनाउने प्रचलन छ ।

कोरोना महामारीका कारण विगत दुई वर्षको होली फिक्का भएको थियो । कुनै हर्षोल्लास देखिएको थिएन । संक्रमण फैलिन नदिन सरकारले भीडभाड नगर्न आग्रह गरेपछि अधिकांशले दुई वर्ष घरभित्रै परिवारको साथमा होली मनाएका थिए । तर, यसपटक संक्रमण मत्थर भइसकेकाले होलीको रौनक बेग्लै छ । सामाजिक सञ्जाल पनि होलीका तस्विरहरुले रंगिएका छन् ।

सेलिब्रेटीहरुले पनि यसपटक खुलेर होली मनाएका छन् । कसैले सामुहिक भेटघाट गरेर होली मनाइरहेका छन् कसैले परिवारको साथमा होली मनाएका छन् । निखिल उप्रेती दाम्पति, रेखा थापा, श्वेता खड्का, आँचल शर्मा, मलिना जोशी, सृष्टि श्रेष्ठ, सौगात मल्ल, सुमिना घिमिरे, सलोन बस्नेत लगायतका कलाकारहरुले होली मनाएको तस्विरहरु सामाजिक सञ्जालमा पोस्ट गरेका छन् ।

हास्यकलाकार जितु नेपाल उर्फ मुन्द्रेले काठमाडौंस्थित आफ्नै निवासमा होली मनाएका छन् । उनले श्रीमती मुना राउतसँग अनुहारमा निलो, रातो, पहेँलो गरी रङ्गीबिरङ्गी रङहरू लगाएर खिचाएको फोटो सामाजिक सञ्जालमा पोस्ट गरेका छन् । फोटो पोस्ट गर्दै कलाकार मुन्द्रेले सबैलाई होलीको शुभकामना दिएका छन् ।

अभिनेत्री रेखा थापाले पनि रङहरूको पर्व होली मनाएकी छिन् । हत्केलाभरि हरियो, रातो र पहेँलो रङ दलेर हत्केला फिजाउँदै गरेको गालामा रङ लगाउँदै गरेको फोटोहरू सेयर गर्दै रेखाले यो पालिको होलीको फोटोहरू सार्वजनिक गरेकी छन् । 'रङको मौसम सुरुवात भएको छ । सबैको जीवन रङ्गिन बनोस् । ह्याप्पी होली,' रेखा लेखेकी छन् ।

अभिनेता नाजिर हुसेनको इन्स्टाग्राम पनि होलीमय भएको छ । रङ्गीबिरङ्गी चम्किला रङहरू दलेर नाजिरले फोटोसुट गराएका छन् । होलीका तस्बिर सेयर गरेर नाजिरले होलीको शुभकामना दिएका छन् । नाजिर लेख्छन्, 'यी रङहरूले तपाईंहरूको घर अनि जीवनमा खुसी र समृद्धि भित्राओस् । ह्याप्पी होली ।'

अभिनेत्री नम्रता सापकोटा रातो पहिरन र रातो अबिरले अनुहार रङ्याएर होलीलाई स्वागत गरेकी छन् । नम्रता लेख्छिन्, 'फागु पूर्णिमाको शुभ कामना ।'

कलाकार दीपकराज गिरीले परिवारका सदस्यहरूसँग होली खेलेका छन् । परिवारसँग रमाइलो गरिरहेको फोटो सेयर गर्दै दीपकले सबैको जिन्दगी रङ्गिन होस् भन्दै शुभकामना पनि दिएका छन् ।

कलाकार तथा निर्देशक दीपा श्री निरौलाले पनि परिवारिक माहोलमा होली खेल्दै फागु पूर्णिमा मनाएकी छन् । एकअर्कालाई रङले सजाएर रमाइलो गरिरहेका सामूहिक फोटोहरू सामाजिक सञ्जालमा सेयर गर्दै उनी लेख्छिन्, 'होली रे होली परिवार सँग होली...ह्याप्पी होली ।'


कलाकार सन्दीप क्षेत्रीले पनि परिवारका सदस्यहरूसँग बसेर होली पर्व मनाएका छन् । फेसबुकमा लाइभ आउँदै सन्दीपले होली पर्व मनाएका हुन् ।

कलाकार सरिता लामिछानेको होली पनि परिवारमय भएको छ । रङहरूले सजिएर परिवारसँग रमाइलो गरिरहेको फोटोहरू उनको सामाजिक सञ्जालमा देख्न सकिन्छ । फोटो सेयर गर्दै उनले लेखेकी छिन्, 'फागु पूर्णिमाको मंगलमय शुभकामना ।'

## सिरियल 'राजाराम निवास' प्रशारण हुने

काठमाडौं/मस- एम ई टिभीको प्रस्तुतिमा रेस्क्यू क्रिएसनले पारिवारिक कमेडी सिरियल 'राजाराम निवास' निर्माण गरेको छ । निर्देशक नवल नेपाल निर्देशित सिरियल कलाकार राजाराम पौडेल वरपर घुमेको छ ।

सिरियलमा राजारामलाई सरकारी जागिरबाट अवकास प्राप्त कर्मचारीको रुपमा प्रस्तुत गरिएको छ । सिरियलमा उनी लोभी चरित्रका छन् । 'नेपालका पचास जिल्ला पुगेर कामको अनुभव संगालिसकेका राजारामलाई त्यहाँको रहनसहन, रीतिरिवाज, बोलीचाली, भाषा संस्कृतिको ज्ञान छ', निर्देशक नेपाल भन्छन्, 'अवकास प्राप्त जीवनलाई राजारामले कसरी सदुपयोग गरिरहेका छन् भन्ने कुरा 'राजाराम निवास'मा देखाएका छौं ।'




सिरियलमा राजारामका अलावा विमला गिरी, निर्मल न्यौपाने, अर्चना खनाल, साहिना भट्टराई र खड्गबहादुर पुन मगर (खबपु)को अभिनय छ ।

म्यूजिक भिडियो निर्देशक समन अधिकारीको कथा र महेश दवाडी तथा दिनेश न्यौपानेको लेखन रहेको टेलिसिरियलमा अर्जुन पोखरेल र विनोद खम्बुको संगीत, विनोद भुजेलको पार्श्व संगीत, मुक्त उदास र हरि उप्रेतीको गीत, मदनकाश्यप घिमिरेको छायांकन, गौतम खड्काको सम्पादन र भीष्म आचार्यको प्रोडक्सन छ । सिरियलको कार्यकारी प्रमुख रिमेश अधिकारी हुन् ।

रेस्क्यू क्रिएसनका प्रमुखसमेत रहेका समनले क्रिएसनमार्फत ७ वटा टेलिसिरियल निर्माण गरिरहेको जानकारी दिए । यी सिरियल विभिन्न च्यानलमार्फत प्रसारणमा आउनेछन् । 'राजाराम निवास' चैतको पहिलो साताबाट हरेक बिहीबार साँझ ६:३० र राति १० बजे कान्तिपुर टिभी र बेलुकी ८ बजे र राति १०:३० बजे एम ई टिभीबाट प्रसारण हुनेछ ।


**Province Government**
**Ministry of Water Resoursce and Energy Development**
**Water Supply, Irrigation and Energy Development Directorate**
**Water Supply, Irrigation and Energy Development office**
**Karnali Province, Salyan**

**Sealed Quotation Cancellation Notice**

**Date of publication: March 18, 2022 (2078-12-04)**

Water Supply Irrigation and Energy Development Office, Salyan has decided to cancel following Sealed Quotation invited on Magh 25, 2078 at Madhyanha National Daily as per Public procurement Alm.ct, 2063 Clause no 26.

| SN | Contract I.D | Estimated Amount (Including VAT) (NRs) |
|---|---|---|
| 1 | SQ/WSIEDOS/01/Works/078-79 | 190,1,749.15 |
| 2 | SQ/WSIEDOS/02/Works/078-79 | 11,63,929.61 |
| 3 | SQ/WSIEDOS/03/Works/078-79 | 11,04,352.73 |
| 4 | SQ/WSIEDOS/04/Works/078-79 | 12,46,386.72 |
| 5 | SQ/WSIEDOS/06/Works/078-79 | 15,18,536.32 |
| 6 | SQ/WSIEDOS/06/Works/078-79 | 16,03,264.79 |
| 7 | SQ/WSIEDOS/07/Works/078-79 | 13,83,752.00 |

**Office Chief**

**Barahapokhari Rural Municipality**
**Office of Rural Municipal Executives**
**Baghkhorbhanjyang, Khotang**
**Province No 1, Nepal**

**Invitation for Electronic Bids**

**IFB No.: BRM/ROAD/078/079/02**
**First Date of Publication: 2078/12/04 (18th March 2022)**

1. Barahapokhari Rural Municipality, Office of Rural Municipal Executives, Baghkhorbhanjyang, Khotang, Province No 1, Nepal invites bids from eligible bidders for following works:

| S.N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Estimated Amount Without VAT (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | BPRM/Khotang/Work/ NCB/R/02/078/079 | Upgrading of Dhaplang-Sintang Road | 90 days | 66,74,939.21 | 1,70,000.00 | 3000.00 |

2. Purchase, Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 2079/1/4 (17th April 2022) | 12:00 Hours | 2079/1/4 (17th April 2022) | 13:00 Hours |

Interested eligible bidders may obtain further information from Barahapokhari Rural Municipality Office Khotang and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp, A complete set of bidding documents in English may be inspected by the interested bidders and must submit their bid electronically through E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files.

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Barahapokhari Rural Municipality, Khotang | Sunrise Bank Ltd. | Dhartung, Barahapokhari | 0940620706703004 (Dharauti) | |
| Barahapokhari Rural Municipality, Khotang | Sunrise Bank Ltd. | Dhartung, Barahapokhari | 0940620706703006 (Rajaswa) | Ga 1.1 |

4. If the last date of purchasing, submission, and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission



मकवापुर चित्लाङका स्थानीय वासिन्दा रामदाश गोपालीले खेल क्षेत्रमै दुई दशक बिताइसकेका छन् । आज पनि गोपाली खेल क्षेत्रलाई अगाडि बढाउन दिनरात खटिँदै आइरहेका छन् । मार्सल आर्ट विधाको सितोरियो कराते तथा किङ बङसिङका राष्ट्रिय स्तरका खेलाडी गोपाली प्रशिक्षकसँगै निर्णाक मण्डलका सदस्य पनि हुन् । उनले आफ्नो खेल जीवनमा जापानमा २०१८ मा सम्पन्न वर्ल्ड कोसिकाई गेममा नेपाललाई स्वार्ण पदक दिलाउन सफल भएका थिए भने सोही गेमका अन्तर्राष्ट्रिय निर्णायकको भूमिका निर्वाह गरेका थिए । नेपालभित्र सम्पन्न सितोरियो कराते खेल प्रतियोगिताहरुमा कुशल निर्णायकको भूमिका निभाए वापत दर्जन पुरस्कार तथा सम्मानबाट सम्मानित गोपाली घण्टाघर डोजो, स्नोएपेक्स स्कुलका प्रशिक्षक हुन् । सातौं र आठौं अर्न्तराष्ट्रिय खेलको निर्णायक मण्डलमा सहभागिता जनाएका गोपाली वीर गणेशमान सिंह खुला कराते तथा किक बक्सिङ प्रतियोगितामा पनि निर्णायक रहेका थिए । उत्कृष्ट खेलाडीको अपाधि पाएका गोपाली नेपालमा भएका विभिन्न क्षेत्र तथा राष्ट्रिय, अर्न्तराष्ट्रिय स्तरका प्रतियोगिताहरुमा सहभागी हुँदै आइरहेका छन् । खेलकुदको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल **रामदाश गोपाली**ले **मध्यान्ह दैनिक**का लागि **सुमन कुमार श्रेष्ठ**सँग समग्र देशको खेल क्षेत्रको अवस्थाबारे गरेको कुराकानीको सम्पादित अंश :

# ‘राज्यले खेल क्षेत्रलाई विशेष ध्यानमा राखी बजेट व्यवस्था गर्नुपर्छ’

**रामदाश गोपाली**, प्रशिक्षक सितोरियो कराँते

**पछिल्लो समय केमा ब्यस्त हुनुहुन्छ ?**

बिहान ५ बजेबाट ८ बजेसम्म प्रशिक्षणमा । दिनमा कार्यक्रम, प्रतियोगिताहरु र बाँकी समय हातमुख जोर्नका लागि खर्चदैमा दिन बित्छ ।

**खेलाडीलाई राज्यले पर्याप्त ध्यान दिन सकिरहेको छैन भन्छन् नि ?**

त्यो त स्वभाविकरुपमा पनि हाम्रो जस्तो अर्थतन्त्र भएको देशले खासै ध्यान दिन नसकेको हो ।

**खेलकुदको क्षेत्रमा नै आफ्नो जीवन बिताएका प्रायको आर्थिक अवस्था कमजोर हुनुको कारण ?**

उचित पारिश्रमिकको व्यवस्था हुन नसक्नु र खेल स्तर अभिवृद्धि गरी खेलकुद क्षेत्रमा पर्याप्त बजेट राज्यले व्यवस्था गर्न नसक्नु नै यसको मुल कारण हो ।

**असहलेसम्म कति प्रतियोगितामा सहभागिता जनाइसक्नु भयो ?**

त्यस्ता थुप्रै खेल प्रतियोगिता जसमा यति नै भन्नु भन्दा पनि दुई दशकदेखि खेल क्षेत्रमै छु । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिएको छु । संख्यात्मकरुपमा सयौं प्रतियोगितामा सहभागी भएँ, तर ठ्याक्कै यति नै भन्न त कसरी सकिन्छ ।

**खेलकुदको थुप्रै विधामध्ये कराते नै रोज्नुको कारण ?**

खेल्न त अरु खेल पनि मनपर्छ तर आफ्नो शारिरीक बनावटले पनि त साथ दिनुपर्‍यो । फुटबल, भलिबल, बास्केटबल खेल्न उचाई खासै छैन । क्रिकेट त्यतिबेला खासै चलन चल्तिमा थिएन । म खेलकुद प्रेमी भएकोले काठमाडौं प्रवेशसँगै करातेप्रति आकर्षित भएँ ।

**दुई दशक बिताइसक्नु भएको छ खेलकुदमा, के पाए जस्तो लाग्छ ?**

आफ्नो रुचीको विधा भएकाले आत्मसन्तुष्टि ।

**खेलको क्षेत्रमा नहुनु भएको भए यतिबेला तपाईंलाई कहाँ भेटिन्थ्यो ?**

ठ्याक्कै यही भन्न सकिन्न । सम्भवतः कुनै बैंक अथवा खेलकुदमै हुन्थें ।

**खेलाडीले मेडलहरु, प्रमाणपत्रहरुले मात्र चित्त बुझाएर जीवन निर्वाह** होला त ?

अरु देशको परिप्रेष्यमा त पक्कै पनि चित्त बुभाउन सकिन्थ्यो । तर, नेपालको परिवेशमा अलि गाह्रै होला । किन कि राज्यले खेल र खेलाडीको उचित मुल्यांकन र व्यवस्थापन नगरेसम्म यो सम्भव छैन ।

**राष्ट्रियस्तरको खेलाडीलाई आफ्नो परिवार होइन, आफूसमेत पालिन कठिन छ भन्छन् नि तपाईंलाई के लाग्छ ?**

यो साँचो हो । किन कि हाम्रो देशमा पूर्णरुपमा खेलाडी भएकै भरमा यो सम्भव छैन ।

**खेलकुदको क्षेत्र सानो भए पनि यसभित्र हुने विवादले ठूलो रुप लिन्छ नि ?**

खेलकुदको क्षेत्र सानो भन्न त मिल्दैन तर व्यवस्थापन फितलो हुँदा यस्तो भएको हो ।

**युवा तथा खेलकुद मन्त्रालय छ, राष्ट्रिय खेलकुद परिषद छ, सबै जिल्लामा जिल्ला खेलकुद विकास समिति छ, यिनीहरुले आफ्नो जिम्मेवारी कसरी वहन गरिरहेको पाउनु हुन्छ ?**

सर्वप्रथम त देशमा स्थिर सरकार नहुनु नै हाम्रो लागि दुर्भाग्य हो । यहाँ त सरकार परिवर्तनसँगै खेल पदाधिकारी पनि परिवर्तन हुन्छन्, जसका कारण सिंगो खेल क्षेत्र नै प्रभावित हुने गरेको छ ।

**राष्ट्रिय स्तरको खेलाडीको नाताले राज्यले खेलकुदको विकासमा छुट्याउने बजेटबारे के भन्नु हुन्छ ?**



राज्यले खेल क्षेत्रलाई विशेषरुपले हेर्नुपर्छ । किन कि यदी यो देशलाई विश्वसामू चिनाउने एउटामात्र माध्यम भनेको खेल क्षेत्र हो । त्यस कारण राज्यले खेल क्षेत्रलाई विशेष ध्यानमा राखी बजेट व्यवस्थापन गर्नुपर्छ । हाल खेल क्षेत्रमा छुट्याइने बजेट एकदम न्यून छ । खेल क्षेत्रको लागि विशेष बजेटको व्यवस्था राज्यबाट गर्नैपर्छ र हरेक राष्ट्रिय स्तरका खेलाडी पूर्णरुपमा खेलकुदमै लागेर जीवन धान्दै सिंगो जीवन र समय खेलकुदमै बिताउन सक्ने वातावरण बनाउन आवश्यक छ ।

**खेल क्षेत्र राजनीतिक हस्तक्षेप, नातावाद, कृपावादका कारण विकास हुन नसकेको हो ?**

हाम्रो देशमा खेल क्षेत्रमा मात्र के भन्नु सबै तिर उस्तै लाग्छ मलाई त ।

**देश बाहिर हुने खेलहरुमा खेलाडी भन्दा पनि पहुँचवालाको लस्कर देखिनुले के सन्देश दिन्छ ?**

त्यसैले त हाम्रो देशमा जति खेल जगतमा प्रगति हुनुपर्ने हो त्यति भएको छैन ।

**प्रशिक्षक भएको नाताले खेलकुदमा आउन चाहनेहरुलाई के सल्लाह दिनु हुन्छ ?**

हाम्रो देश नेपाल सानो भएपनि हामी स्वाभीमानीहरुको देश हो । हालकै अवस्थामा यो क्षेत्रबाट पैसा भन्दा पनि देशको नाम र इज्जतको लागि खेल्नु पर्छ । आर्थिकरुपले सोचेजस्तो नभएपनि समाजले खेलाडीलाई हेर्ने नजर राम्रो छ । खेलको कुनै पनि विधामा दक्षता हासिल गरेर आउँदा राम्रो ।

# राष्ट्रिय फुटबल टोलीले मनायो होली




**काठमाडौं/मस–** राष्ट्रिय फुटबल टोलीका खेलाडीहरूले होली मनाएका छन् । सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) कम्प्लेक्समा बिहीबार राष्ट्रिय टोलीका खेलाडी र अफिसियलले एकआपसमा रङ दलेर होली मनाएका हुन् ।

एएफसी एसियन कप छनोट तयारीमा रहेको नेपाली राष्ट्रिय फुटबल टोली चैत दोस्रो साता थाइल्यान्डसँग अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलसँग खेल्दैछ । थाइल्याण्डको राष्ट्रिय टोली र एक क्लबसँग हुने मैत्रीपूर्ण खेलका लागि नेपाली टोली बुधबारदेखि बन्द प्रशिक्षणमा शुरू गरेको छ ।

१० चैत थाइल्यान्डको राष्ट्रिय फुटबल टोली र १३ चैतमा चोनबुरी एफसीसँग हुने दुई मैत्रीपूर्ण खेलका मुख्य प्रशिक्षक अबदुल्लाह अल्मुताइरीले २५ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएका छन् । सोही अनुसार खेलाडीले बन्द प्रशिक्षणमा रहेर अभ्यास शुरू गरेका छन् । तर, वैदेशिक क्लबहरूमा अनुबन्ध भएर खेलिरहेका कप्तान तथा गोलरक्षक किरण चेम्जोङ, डिफेन्सिङ मिडफिल्डर रोहित चन्द र फरवार्ड जगजित श्रेष्ठ भने राष्ट्र टोलीको बन्द प्रशिक्षणमा उपस्थित हुने छैनन् ।

उनीहरू थाइल्यान्डसँगको भ्रमणमा भने सहभागी हुने एन्फाले जनाएको छ । यता, एएफसी कप छनोटको तयारी गरिरहेका कारण मच्छिन्द्रका खेलाडीलाई पनि मैत्रीपूर्ण खेलका लागि उपस्थित हुने छैनन् । सहिद स्मारक ए डिभिजन लिग विजेता मच्छिन्द्रले एएफसी कप छनोटमा श्रीलंकाको ब्लु स्टारविरुद्ध ५ अप्रिलमा प्रतिस्पर्धा गर्दैछ ।

मछिन्द्रले ब्लुस्टारविरुद्धको खेलमा जित निकाले १२ अप्रिलमा भारतको मोहन बगानविरुद्ध खेल्ने तालिका छ । समूह चरणमा स्थान बनाउन मच्छिन्द्रलाई मोहन बगानविरुद्धको खेल पनि जित्नुपर्ने हुन्छ ।

नेपाल राष्ट्रिय टोलीले चीनमा सन् २०२३ मा आयोजना हुने एएफसी एसियन कपको तेस्रो चरणको छनोटको तयारीका लागि थाइल्यान्ड भ्रमण गर्न लागेको हो । छनोटमा नेपाल समूह ‘ए’ मा रहेको छ । यही समूहमा जोर्डन, कुवेत र इन्डोनेसिया जस्ता बलिया टोली रहेका छन् ।

# सर्वाधिक धनराशीको महिला गोल्डकप हुने

**धनगढी/मस–** नयाँ वर्षको अवसर पारेर धनगढीमा सुदुरपश्चिम प्रदेश प्रथम मुख्यमन्त्री वनदेवी युवा क्लब (बिवाइसी) महिला गोल्डकप फुटबल प्रतियोगिता आयोजना हुने भएको छ । आयोजक वनदेवी युवा क्लबले बिहीबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा गोल्डकप आयोजना गरिने जनाएको हो ।

यही वैशाख ३ गतेदेखि १० गतेसम्म धनगढी स्थित रंगशालामा गोल्डकपको आयोजना गरिने प्रतियोगिता संयोजक दुर्गा अधिकारीले बताए । उनले नेपाल बाहेक भुटान र भारतबाट समेत महिला टिमलाई सहभागिता गराउने तयारी भैरहेको जानकारी दिए ।

प्रतियोगितामा विभागीय टिम सहित ८ देखि १० क्लबको सहभागिता रहने संयोजक अधिकारीले बताए । क्लबका अध्यक्ष सुसन जोशीले गोल्डकपको बिजयी टिमले ट्रफी सहित नगद ५ लाख र उपबिजेताले ट्रफी सहित २ लाख ५० हजार रुपैया पुरस्कार राशी प्राप्त गर्ने बताए ।

प्रतियोगितामा म्यान अफ दी म्याचलाई ५ हजार, त्यस्तै विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई १० हजार र प्रतियोगिता भरी उत्कृष्ट हुने खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गरिने आयोजक क्लबका अध्यक्ष जोशीले बताए । महिला गोल्डकप संचालनका लागि करिब १ करोड रुपैयाँ खर्च लाग्ने अध्यक्ष जोशीले बताए ।

**Shadananda Municipality**
**Office of The Municipal Executive**
**Dingla, Bhojpur**
**Province No. 1, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication: 18th March, 2022**

1. Shadananda Municipality, Dingla, Bhojpur invites electronic bids from Nepalese eligible bidders for procurement of following works.

| SN | Contract Identification No. | Name of Project | Estimated Amount (with VAT and PS) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Document NRs. | Opening of Bid |
|---|---|---|---|---|---|---|
| 1 | Shadmun/W/ SQ/11/078/79 | Construction of Dingla Public Toilet | 17,53,029.92 | 45000.00 (30 days beyond Bid Validity Period) | 1000.00 | 3rd April, 2022 13:00 Hrs |
| 2 | Shadmun/W/ SQ/12/078/79 | Dingla Park Nirman | 19,45,565.65 | 50000.00 (30 days beyond Bid Validity Period) | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of PPMO's website www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : **Rastriya Banijya Bank Ltd, Dingla**
Name of Office : **Shadananda Municipality, Dingla, Bhojpur**
Office Account no : **2290100301010002** (GA -1 1 Antarik Rajaswa Khata)
Office Account no : **2290100303000002** (GA -3 Dharauti Khata)
4. Other related rules and regulations are as per Public Procurement Act-2063 and Public Procurement Regulations-2064 following all revisions and other prevailing law of Nepal.

**Chief Administrative Officer**

गो.हु.का.द.नं. ३३/०६९/०७०

# आर्थिक

४ चैत २०७८, शुक्रबार
18 March 2022, Friday

www.madhyanhadaily.com



ग्राहकको प्रतीक्षामा रंग व्यापारी

*काठमाडौंको न्यूरोडमा होली खेल्ने रंग बेच्न ग्राहकको प्रतीक्षामा बसेका व्यापारी ।*

*तस्बिर : प्रदीपराज वन्त/रासस*

## सेयर क्षेत्रमा जीवन बीमा कम्पनीको ठूलो लगानी कटौती



**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ३ चैत ।

जीवन बीमा कम्पनीहरुले सेयर बजारमा गर्दै आएका लगानी ठुलो मात्रामा कटौती गरेका छन् । चालु आवमा बीमाको क्षेत्रमा व्यवसाय गर्दै आएका कम्पनीहरुले सेयरको क्षेत्रमा भएको लगानीलाई क्रमशः घटाउँदै लगेका हुन् । कम्पनीहरुले चालु आवको पहिलो पहिलो त्रैमासको तुलनामा दोश्रो त्रैमासमा ४५.८५ प्रतिशतले सेयर लगानी घटाएका छन् । कम्पनीहरुले चालु आवको पहिलो त्रैमास अवधिमा १५ अर्ब ६९ करोड रुपैयाँ बराबर सेयरमा लगानी गरेका थिए । त्यस्तै चालु आवको दोस्रो त्रैमास अवधिमा भने कम्पनीहरुले सेयर क्षेत्रमा भएको लगानीलाई कटौती गरेर जम्मा ८ अर्ब ४९ करोड ७८ लाख रुपैयाँमा मात्रै लगानी गरेका छन् । सेयर बजारमा पहिलो त्रैमास अवधिको तुलनामा कम्पनीहरुको लगानी ७ अर्ब १९ करोड रुपैयाँले घट्न पुगेको छ ।

मुलुकमा हाल सञ्चालनमा रहेका १९ वटा जीवन बीमा कम्पनीहरुमध्ये १८ वटा कम्पनीले सेयर बजारमा लगानी गर्दै आएका छन् भने मेट लाइफ एलिकोले भने हालसम्म नेपाली सेयर बजारमा लगानी गरेको छैन । सेयर बजारमा लगानी गरेका १८ कम्पनीमध्ये चालु आवको दोस्रो त्रैमासमा १३ कम्पनीको घटेको छ भने ३ कम्पनीको बढ्न पुगेको छ । त्यस्तै दुई कम्पनीले भने दुबै त्रैमासमा बराबर लगानी गर्न पुगेका छन् । गुराँस लाइफ इन्स्योरेन्सले दोश्रो त्रैमासमा ९७.७४, ज्योति लाइफ इन्स्योरेन्सले पनि ९६.२९ र नेपाल लाइफले ३१.२६ प्रतिशत लगानी घटाएका छन् । तर समीक्षा अवधिमा आइएमई लाइफ, यूनियन लाइफ र प्रभु लाइफ लगानी बढाएको पाइएको छ । रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले भने चालु आवको दोश्रो त्रैमासदेखि मात्रै सेयर बजारमा प्रवेश गरेको छ ।

### बीमा कम्पनीहरुले कस्तो क्षेत्रमा लगानी गर्न सक्छन् ?

'बीमकको लगानी निर्देशिका, २०७५' मा बीमा कम्पनीहरुले घरजग्गा, सेयर बजार लगायत विभिन्न क्षेत्रमा लगानी गर्न पाउने व्यवस्था रहेको छ । जसको लागि लगानी सीमासहित लगानीको शर्त पनि तोकिएको छ। जीवन बीमा कम्पनीहरुले नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक कम्पनीको साधारण सेयरमा लगानी गर्न सक्छन् । तर त्यसरी सेयरमा लगानी गर्दा १० प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था रहेको छ। जीवन बीमा कम्पनीहरुले कूल टेक्निकल रिजर्भको दश प्रतिशतसम्म लगानी गर्न सक्छन्। तर सेयर लगानी गरिने कम्पनीको चुक्ता पुँजीको ५ प्रतिशतभन्दा बढी हुने गरी लगानी गर्न भने नपाइने व्यवस्था रहेको छ ।

त्यस्तै कम्पनीहरुले साधारण सेयरमा मात्रै नभई नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त क ख र ग वर्गको बैंक तथा वित्तीय संस्थाको अग्राधिकार सेयर र ऋणपत्रमा समेत लगानी गर्न सक्छन्। बैंक तथा वित्तीय संस्थाको सेयर र ऋणपत्रमा लगानी गर्दा कम्पनीहरुले बढीमा २० प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था छ। तर त्यसरी बैंक तथा वित्तीय क्षेत्रमा लगानी गर्दा लगानी गरिने कम्पनीको चुक्ता पुँजीको १० प्रतिशतभन्दा बढी हुन नपाइने व्यवस्था गरिएको छ। जीवन बीमा कम्पनीहरुले विनिमय बजारमा सूचीकृत कम्पनीको सुरक्षित डिबेन्चर, नागरिक लगानी कोष तथा म्युचुअल फण्डको लगानी योजनाहरुमा पनि लगानी गर्न सकिने व्यवस्था रहेको छ ।

## देशकै दोस्रो ठूलो सबस्टेशन सञ्चालनमा, प्रधानमन्त्रीले उद्घाटन गर्ने



**रमेश लम्साल/रासस**
काठमाडौं, ३ चैत

जलविद्युत् आयोजना निर्माण गरेर मात्रै हुँदैन । त्यसका लागि प्रसारण लाइन सबस्टेशनको पनि उत्तिकै आवश्यकता पर्दछ । प्रसारण प्रणालीको निर्माणपछि मात्रै जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली सबस्टेशन भएर तपाईं हाम्रो घर-घरमा आइपुग्छ । उद्योग कलकारखानामा पुग्छ । पछिल्ला दिनमा सरकारले जलविद्युत् आयोजनाको निर्माणसँगै प्रसारण प्रणाली र सबस्टेशन निर्माणमा पनि उत्तिकै ध्यान दिएको छ । देशभित्र उत्पादित बिजुली देशभित्रै खपत गराउने उद्देश्यका साथ सरकारले अनेकन प्रयास गरिरहेको छ ।

देशभित्र हाल ४०० केभी क्षमताको ढल्केबर सबस्टेशन निर्माणपछि सञ्चालनमा आइसकेको छ । सोही क्रममा देशकै अर्को दोस्रो ठूलो सबस्टेशन आगामी शनिबार उद्घाटन गर्ने कार्यक्रम छ । प्रधानमन्त्री शेरबहादुर देउवाले शनिबार सो सबस्टेशनको उद्घाटन गर्ने कार्यक्रम रहेको नेपाल विद्युत् प्राधिकरणले जानकारी दिएको छ । सो सबस्टेशनलाई प्राधिकरणले न्यूखिम्ती नाम दिएको छ । रामेछापको मन्थली नगरपालिका-१३ देवीटारमा निर्माण भएको सबस्टेशनले दोलखाको गोंगरबाट आएको डबल सर्किट २२० केभी क्षमताको प्रसारण लाइनलाई ढल्केबरसम्म जोडेको छ । सोही सबस्टेशन हुँदै १३२ केभी क्षमतामार्फत काठमाडौं जोडिएको छ । सबस्टेशनमा १०० एमभिए क्षमताको ट्रान्सफर्मर जडान गरिएको छ । सो सबस्टेशनबाट धनुषाको ढल्केबरमा बिजुली प्रवाह भइरहेको छ ।

ढल्केबरपछिको यो दोसो ठूलो सबस्टेशन भएको प्राधिकरणको भनाइ छ । प्राधिकरणका अनुसार ढल्केबरमा १३२, २२० र ४०० केभी क्षमताका तीनवटा सबस्टेशन सञ्चालनमा छन् । न्यूखिम्ती सबस्टेशनका इलेक्ट्रिकल इञ्जीनियर प्रदीप दाहालका अनुसार शनिबार प्रधानमन्त्रीबाट हुने उद्घाटनको कार्यक्रमको तयारी पूरा भएको छ । विसं २०७५ देखि निर्माण सुरु भएको सो सबस्टेशन गत असारमा निर्माण सम्पन्न भएको हो । सुरुआती लागत एक अर्ब ५० करोड बराबर भएपछि प्राकृतिक विपत्ति, कोरोना त्रासलगायतका अन्य कारणले गर्दा थप केही 'भेरियसन' भएको छ ।

नयाँखिम्ती सबस्टेशनमा ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको बिजुली जोडिएको छ । यस्तै ५२.४ मेगावाट क्षमताको लिखु दोस्रो र २४.१ मेगावाट क्षमताको लिखु ए जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली जोडिएको छ । यस्तै गर्ज्याङ हाइड्रोपावर, खिम्ती-२ को बिजुलीसमेत सोही सबस्टेशनमा जोडिनेछ । हालको क्षमताअनुसार सो सबस्टशेनमा कूल ९०० मेगावाट बराबर बिजुली जोड्न सकिने फोरम्यान सिभिल विश्वासकुमार भण्डारीले जानकारी दिए ।

रामेछाप, दोलखालगायतका जिल्लामा निर्माण सम्पन्न भएका र निर्माणमा जाने तयारीमा रहेका आयोजनाको बिजुली जोडिने भएकाले सो सबस्टेशन प्राधिकरणको भाषामा हब सबस्टेशनका रूपमा विकास हुनेछ । गत साउनको अन्तिम साता सो सबस्टेशन चार्ज गरिएको थियो । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोसीको बिजुली देशभर उपलब्ध गराउनका लागि महत्वपूर्ण मानिएको सो सबस्टेशनको सञ्चालनपछि बिजुली प्रवाहमा थप सहजता उत्पन्न हुने विश्वास प्राधिकरणले व्यक्त गरेको छ । माथिल्लो तामाकोसीको झण्डै एक अर्ब युनिट बिजुली सोही सबस्टेशन भएर प्रवाह भइसकेको छ । सबस्टेशनमा चारवटा पावर ट्रान्सफर्मर जडान भएका छन् । जडान भएका ट्रान्सफर्मरमध्ये तीनवटा नियमित सञ्चालनमा ल्याइने र एउटा भने जगेडामा रहनेछ । सरकारको विशेष चासोका साथ मार्गदर्शन, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको नियमित अनुगमनपछि आयोजना सम्पन्न भएको न्यूखिम्ती सबस्टेशनका कर्मचारीको भनाइ छ । 'काम सम्पन्न हुँदा असाध्यै खुसी लागेको छ । त्यसमाथि प्रधानमन्त्रीले नै उद्घाटन गर्न लाग्नुभएकाले हामीले गरेको कामप्रति अझै गौरवको महसुस भएको छ', इलेक्ट्रिकल इञ्जीनियर दाहालले भने । सिभिल फोरम्यान भण्डारीले पनि लामो मेहेनतपछि आयोजना सम्पन्न हुँदा प्राधिकरणका सबै कर्मचारीले गौरवको महसुस गरेको बताए । केही दिनअघि मात्रै ऊर्जामन्त्री पम्फा भुसालले सर्लाहीको लालबन्दीमा निर्माण सम्पन्न भएको १२२/३३ केभी सबस्टेशनको उद्घाटन गरेका थिए । यस्तै आजमात्रै न्यू बुटवल-बर्दघाट २२०/१३२ केभी सबस्टेशनको उद्घाटन गरे । यसबाट पनि वर्तमान सरकारले ऊर्जा क्षेत्रको विकासमा विशेष ध्यान र चासो दिएको स्पष्ट हुन जाने ऊर्जा मन्त्रालयको भनाइ छ ।

## महासंघले स्वदेशी वस्तुको उपयोग सम्बन्धी निर्देशिकाको कार्यान्वयनमा पहल गर्ने




काठमाडौं/मस - नेपाल घरेलु तथा साना उद्योग महासंघले लामो समयदेखि अन्यौलमा रहेको सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग सम्बन्धी निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने भएको छ। महासंघका नवनिर्वाचित अध्यक्ष उमेशप्रसाद सिंहले नेपालका लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि सरकारले ल्याएको सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य गर्ने विषय कागजमै सीमित रहेको भन्दै उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि पहल शुरु गर्ने बताए ।

महासंघको वीरगञ्जमा सम्पन्न २५ औ राष्ट्रिय महाधिवेशन तथा २२ औं राष्ट्रिय महिला उद्यमी सम्मेलनबाट नयाँ कार्यसमिति चयन भएको छ । कार्यक्रममा स्वदेशी उत्पादनको संरक्षण र प्रवर्द्धन तथा यस्ता उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यसहित सरकारले निर्देशिका ल्याए पनि त्यो हालसम्म कार्यान्वयनमा जान नसकेको भन्दै उनले निर्देशिकाको अक्षरस पालना गराउन सरकार र सरोकारवाला निकायसँग छलफल सुरु गर्ने बताए । स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको उपयोग गरी परम्परागत कृषि, रेमिट्यान्स र आयातमा आधारित अर्थतन्त्रलाई औद्योगिकीकरणमा उन्मुख गराउने उद्देश्यले सरकारले ल्याएको उक्त रणनीति कार्यान्वयन गराउन सके अर्थतन्त्रमा लघु, घरेलु तथा साना उद्योगको योगदान ह्वात्तै बढ्ने अध्यक्ष सिंहको भनाइ थियो ।

स्थानीय निकायहरु मार्फत महासंघका पालिका, जिल्ला तथा प्रदेश संघहरुमा कार्यक्रमहरु ल्याउने प्रयास गर्ने, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भएको स्थानीय राजस्व परामर्श समितिमा महासंघको हरेक स्थानीय तहको प्रतिनिधित्वको सुनिश्चितता गर्ने उनको भनाइ रहेको छ । उद्योग विभागको पछिल्लो आँकडा अनुसार आर्थिक वर्ष २०७७-७८ सम्ममा मुलुकभर ६ लाख दुई हजार ९२१ लघु, घरेलु तथा साना उद्योग दर्ता भएका छन । यस मध्ये चार लाख ५७ हजार ६४३ उद्योगहरु दर्ता कायम भई सञ्चालनमा रहेका छन् । ती उद्योगहरुमा प्रस्तावित कुल पूँजी लगानी ८० हजार १८९ दशमलव तीन करोड रुपैयाँ रहेको छ भने प्रस्तावित रोजगारी ३२ लाख ८९ हजार ५१६ जना रहेको तथ्याङ्कबाट देखिएको छ । परम्परागत रुपमा यत्रतत्र छरिएर रहेका असंगठित उद्यम व्यवसायहरुको संख्या समेत ठूलो रहेको छ ।


### सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधै लगआउट गरौं ।
- अरूलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नुअघि अनुमति लिऔं ।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

*सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## सिटिजन्स् बैंकको वार्षिकोत्सव अवसरमा छुटैछुटका योजना

Citizens Bank

**काठमाडौं/मस** - सिटिजन्स् बैंक इन्टरनेशनल लिमिटेडले आफ्नो १५ औं वार्षिकोत्सवको उपलक्ष्यमा विभिन्न योजनाहरू सार्वजनिक गरेको छ। वैशाख ७ गते पर्ने ५औं वार्षिकोत्सवलाई ध्यानमा राखेर चैत ७ गतेदेखि वैशाख ७ गते (एक महिना) सम्म लागू हुनेगरी विभिन्न सेवासुविधामा भारी छुट र क्यासब्याक लगायतका योजनाहरू बैंकले सार्वजनिक गरेको हो । सो योजना अन्तर्गत डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताहरूले पस (पीओएस) मेसिन र अनलाइनमार्फत १ हजार रुपैयाँ वा सो भन्दा बढी कारोबार गर्दा एकमुष्ट २०० रुपैयाँ क्यासब्याक दिइने बैंकले जनाएको छ । यसैगरी पहिलो पटक क्यूआर कोडमार्फत भुक्तानी गर्ने ग्राहकहरूका लागि १०० रुपैयाँ क्यासब्याक प्रदान गर्नेछ। डिजिटल भुक्तानीको अर्को माध्यम इकम कार्डको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ बैंकले योजना अवधिभर यो कार्ड निःशुल्क उपलब्ध गराउने भएको छ ।

५ लाख रुपैयाँसम्मको दुर्घटना मृत्यु बीमा तथा ५० हजार रुपैयाँसम्मको स्वास्थ्य बीमा सुविधासहितको सिटिजन्स संरक्षित बचत खाता खोल्दा बचतकर्ताहरूका लागि निःशुल्क डेबिट कार्ड, मोबाइल/इन्टरनेट बैंकिङ, डिम्याट खाता प्रदान गर्नुका साथै देशभरका कुनै पनि बैंकको एटीएमबाट निःशुल्क रकम निकाल्न सकिने व्यवस्था मिलाइएको बैंकले जानकारी दिएको छ । सिटिजन्स बैंकले देशभर हालसम्म १७४ शाखा, १२३ एटीएम र ९० शाखारहित बैंकिङ इकाइहरूबाट १३ लाखभन्दा बढी ग्राहकलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको दाबी गरेको छ ।


के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
**यदी छ भने हामीलाई सम्झनुहोस् ।**

हाम्रासेवा तथा सुबिधाहरु

- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

**नुम्स कम्प्युटर्स प्रा.लि.**
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५


प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ